नजर हमर

राष्ट्रिय दैनिक

# मधेशदृष्टि

Madheshdristi National Daily

www.emadheshdristi.com

मधेशदृष्टिमा विज्ञापनका लागि सम्पर्क नं.:
9808835198
9802592799
9803474311
9854028218

पहिलो महिला प्रहरी सम्मेलन शुरू



समाचार पृष्ठ ५ मा

वर्ष ३ | अंक २७२ | २०८२ साल भाद्र ०६ गते शुक्रबार | Friday 22, August 2025 | सूर्योदय: बिहान ५:४० बजे | सूर्यास्त: साँझ ६:३६ बजे | पृष्ठ ८ | मूल्य रु. ५/-

## राजमार्गमा ट्राफिक प्रमुख सिलवालको खुलेयाम असुली धन्दा

**मधेशदृष्टि**
**जनकपुरधाम ।**

हो, पछिल्लो समय मधेश प्रदेशका ८ जिल्लाको ट्राफिक व्यवस्थापनमा खटिएको राजमार्ग सुरक्षा तथा ट्राफिक व्यवस्थापन कार्यालय पथलैया, बाराका प्रमुख प्रहरी उपरीक्षक राजकुमार सिलवालको खुलेयाम असुली धन्दाबारे तीन दर्जन उजुरी परेपछि मधेश प्रदेश प्रहरी कार्यालय जनकपुरले छानबिन समिति नै बनाएको छ । कार्यालयका वरिष्ठ प्रहरी उपरीक्षक कमल थापाको नेतृत्वमा छानबिन समिति बनेको हो । सिलवालका कर्तुतहरुबारे कार्यालय वाक्क त बनेकै थियो, मादक पदार्थ सेवन गरेर राति सवारी चलाउनेलाई जरिवाना गर्नुपर्नेमा रकम असुलीको मोहले गाडी नियन्त्रणमा राख्ने काम भयो । यसपछि मधेश प्रदेश प्रहरी प्रमुख प्रहरी नायब महानिरीक्षक (डिआइजी) उमाप्रसाद चतुर्वेदीकहाँ यो कुरा पुग्यो ।डिआइजीको आदेशसमेत पैसा बार्गेनिङमा जोडेर रोक्ने काम भएपछि मधेश प्रदेश प्रहरी सिलवालमाथि डण्डा बर्साउन समिति नै बनाउन बाध्य भएको हो । देशको प्रमुख नाका मानिने पूर्व पश्चिम राजमार्ग, बागमती प्रदेशको राजधानी हेटौँडा, आर्थिक नगरी वीरगंज, मधेश प्रदेशको राजधानी जनकपुरसँगै पूर्वपश्चिम यातायात व्यवस्थापनको इपिसेन्टर पथलैयामा ट्राफिक प्रमुखले नै बदमासी गरेर प्रहरी संगठनको बदनाम हुने अवस्था बनेपछि सिलवालमाथि छानबिन शुरु भएको छ ।

**३५ उजुरी**

प्रहरी उपरीक्षक राजकुमार सिलवालबारे मधेश प्रदेश प्रहरी कार्यालयमा ३५ वटा उजुरी परेको पाइएको छ । प्रहरी कार्यालयका वरिष्ठ प्रहरी उपरीक्षक कमल थापाको संयोजकत्वमा छानबिन समिति बनेको छ । कार्यालयका अनुसार, सिलवाललाई लिखित स्पष्टिकरण पनि सोधिएको छ ।

**डिआइजीको नाममा उठाउँथे पैसा**

ट्राफिक प्रहरी प्रमुख राजकुमार सिलवालले गाईगोरु व्यापारी, तस्करसँग पनि रकम असुलेको ४ महिना भएको थियो । सर्लाहीका गाईगोरु व्यापारी शम्भु सिंहले महिनावारी १ लाख ५० हजार रुपैयाँ सिलवाललाई नियमित बुझाइरहेको डिआइजी कार्यालयमा रिपोर्ट पुगेको छ । सिलवालले डिआइजी कार्यालयलाई पनि रकम बुझाउनु पर्ने भनेर डिआइजीका नाममा समेत रकम उठाएको पाइएको हो । उसो त मकवानपुरबाट पथलैया हुँदै गाईगोरु लैजाने भीमले पनि मधेशका डिआइजीलाई समेत भनेर मासिक ५० हजार रुपैयाँ दिने गरेका थिए । यसरी गाईगोरुका ठेकेदार र व्यापारीसँग मात्रै सिलवालले मासिक २ लाख रुपैयाँ लिइरहेको पाइएको छ ।

**अरु के के थियो आरोपहरु ?**

राजमार्ग सुरक्षा तथा ट्राफिक व्यवस्थापन कार्यालय पथलैया बाराका प्रमुख प्रहरी उपरीक्षक (एसपी) राजकुमार सिलवालले क्षेत्राधिकार बाहिर गएर तस्करीका गाडी पक्राउ गर्ने र बार्गेनिङ गरी असुली धन्दा चलाउने गरेको बग्रेल्ती उजुरीका चाङ छन् ।

भन्सार चोरी पैठारीका गाडी रोकेर बार्गेनिङ गर्ने, कुरा नमिले राजश्व अनुसन्धान कार्यालय वा भन्सार पठाउने काममा सिलवालको सक्रियता बढेको पाइएको थियो । साउन ११ गते पहिलेको साझा ट्रान्सपोर्ट भन्ने हाल सुनौलो बिहानी ट्रान्सपोर्टका दुई ट्रकलाई पथलैया चेकपोष्टबाट नियन्त्रणमा लिएर ८ लाख रुपैयाँ डिल गरेर छाडेको विषय मधेश प्रदेश प्रहरी कार्यालयसम्म पुगेको थियो ।

ट्रान्सपोर्टमा सामान मगाउने रक्सौलका व्यापारी बृजकिशोर गुप्ता र रामाशंकरले काठमाडौँबाट रकम पठाएर ट्रक छुटाउनु परेको थियो । ट्रान्सपोर्टका मालिक बालकृष्ण पोखरेल हुन् । वीरगंज, बारा, रौतहटलगायतका मधेश प्रदेशका सीमावर्ती जिल्ला तथा पूर्वबाट आउने ट्रान्सपोर्टका गाडी रोकेर बार्गेनिङ बढाएको सिलवालमाथि आरोप छ । श्री दुर्गा ट्रान्सपोर्टका व्यवसायी मदन गुप्ताले पछिल्लो समय प्रहरी र पथलैया ट्राफिकले दुःख दिन थालेको गुनासो गरेका थिए ।

**लहरीले अरु विस्थापित**

पछिल्लो समय सिलवालले चलाएको अर्को धन्दा हो ६३ टन बोक्ने ठूला लहरीबाट मासिक असुली । उनले यस्ता ट्रिपरटेलर, लहरीसँग मासिक १० हजार रुपैयाँको रेट नै बनाएका थिए । पूर्वबाट हेटौँडामा शिवम सिमेन्ट, होङ्सी सिमेन्टको कोइला बोकेर जाने लहरीहरुलाई मासिक १० हजार रुपैयाँ रेट लगाएर उताबाट फर्कँदा जगदम्बा सिमेन्टको क्लिंकर बोक्न छुट दिएका थिए । ५० टन भन्दा बढी सामान बोक्ने भारतीय गाडीहरुसँग पनि उनले नियमित असुली चलाएका थिए । यस्ता गाडी समातेर बुझाउँदा उनीहरु २५ हजार रुपैयाँसम्म जरिवाना तिर्न बाध्य हुन्थे । पुराना प्रहरी उपरीक्षकहरुले यसै गरेका थिए । सिलवाल आएपछि रेट कायम गरेर भारतीय र नेपाली लहरीसँग पैसा असुलेका थिए ।

**८ जिल्लामा निर्देशन**

आफूले मातहतका डिआइजीले भनेको आदेशसमेत नमाने पनि एसपी सिलवालले मधेश प्रदेश प्रहरी कार्यालय मातहतका ८ वटा जिल्ला ट्राफिक कार्यालयलाई यस्ता लहरीलाई छाड्न र कतै कारबाही गर्न परेर जानकारी गराएर मात्र कारबाही गर्न उर्दी नै जारी गरेका थिए । ट्राफिक प्रहरी प्रमुख इन्स्पेक्टर साबहरु पनि एसपी साबको उर्दीबाट हत्तु हैरान थिए । यता यसरी ६३ टनका सामान बोक्ने लहरी दौडिन थालेपछि २१ टन बोक्ने ट्रिपर व्यवसायीहरु थला परेका थिए । किस्ता तिर्न नसक्ने अवस्था बनेको थियो । ठूला कम्पनीहरुले सस्तोमा सामान बोक्न लहरी प्रयोग गर्ने र जरिवाना गर्नु पर्नेमा रेट तोकेर असुलीपछि ट्रिपर व्यवसायी मारमा परेका थिए र प्रहरी उपरीक्षक सिलवालसँग रुष्ट थिए ।

**मुन्सीहरुको फुर्ति नै ठूलो**

ठूला लहरी राति पास गर्न कम्पनीहरुले मुन्सी प्रयोग गरेका थिए । उनीहरु पहिला सिमरामा आइपुग्थे । त्यसपछि लहरीहरु आउँथे । त्यहाँबाट सिलवालको आदेशमा पास हुन्थे । अनि पथलैयामा फेरि मोटरसाइकलमा बसेर मुन्सीहरु आइपुग्थे र एसपीसँग सेटिङपछि लहरी पास हुन्थे । लहरी गनेर सिलवाललाई पैसा बुझाएर मुन्सीहरु वीरगंज फर्कन्थे । राति १२ देखि २ बजेसम्म यो काम हुने गरेको थियो ।

**चोरीको स्कारपिओ प्रयोग**

चोरीका सवारीसाधन पक्राउ गरेपछि भन्सार बुझाउनु पर्ने व्यवस्था छ । भन्सारमा बुझाएपछि भन्सारले लिलाम गर्छ र देशलाई राजश्व प्राप्त हुन्छ । तर प्रहरीले नै चोरीको साधन पक्राउ गरेर भन्सार नबुझाई आफूले व्यक्तिगत रूपमा प्रयोग गरेको उदाहरणमा पनि सिलवाल जोडिएका छन् । सिलवालले चोरीको स्कारपियो गाडी पक्राउ गरेर भन्सार नबुझाई व्यक्तिगत रूपमा प्रयोग गरिरहेको पाइएको हो ।

**मितिः** २०८२ भदौ २ गते
**स्थानः** सर्लाही
**घटनाः** मादक पदार्थ सेवन गरेर राति सवारी चलाउनेहरुसँग सर्लाहीमा छानबिन, जरिवाना गरेर छाड्नु पर्नेमा बार्गेनिङ गरेर गाडी राखियो । मधेश प्रदेशका डिआइजी उमाप्रसाद चतुर्वेदीले भन्दा पनि गाडी छाडिएन ।
**आदेश नमान्नेः** राजकुमार सिलवाल, प्रहरी उपरीक्षक (एसपी)
**कार्यालयः** राजमार्ग सुरक्षा तथा ट्राफिक व्यवस्थापन कार्यालय पथलैया, बारा
**वारदातः** कार्यालय प्रमुख सिलवालमाथि छानबिन शुरु
**छानबिन प्रमुखः** मधेश प्रदेश प्रहरी कार्यालयका वरिष्ठ प्रहरी उपरीक्षक (एसएसपी) कमल थापा



**भदौ ११ पछि छानबिन**

मधेश प्रदेश प्रहरी कार्यालय जनकपुरले एसएसपी कमल थापाको नेतृत्वमा छानबिन समिति बनाएको छ । समितिले भदौ ११ गतेपछि काम शुरु गर्ने छ । ३५ वटा उजुरी परेपछि अहिले डिआइजी कार्यालयले लिखित जबाफ मागेको छ । उनले भदौ १० गतेसम्ममा जवाफ पठाउने सीमा छ ।

**पहिला पनि कारबाहीमा परेका थिए सिलवाल**

२०७२ मंसिर १५ गते मादक पदार्थ सेवन गरी हुलहुज्जत गरेको आरोपमा महानगरीय प्रहरी आयुक्त कार्यालय काठमाडौँको रानीपोखरीमा प्रहरी नायब उपरीक्षकका रुपमा कार्यरत रहँदा राजकुमार सिलवाल निलम्बनमा परेका छन् । सिलवालले कमलादीस्थित एक रेस्टुराँमा मादक पदार्थ सेवन गरी होहल्ला गरेका थिए । सिलवाललई अनुसन्धान अवधिभरका लागि निलम्बन गर्ने निर्णय भएको थियो ।

**'मलाई केही थाहा छैन ?'**

'तपाईंमाथि केही गुनासो आएपछि मधेश प्रदेश प्रहरी कार्यालयबाट जवाफ मागिएको छ हो ?,' मधेशदृष्टिले बिहीबार राति ९ बजेपछि सिलवालसँग फोनमा प्रतिक्रिया माग्दा उनको जवाफ थियो, 'सोध्नेसँग पो प्रतिक्रिया लिने हो हजुर, मसँग होइन नि ?'



## धर्म प्रचार गर्ने इन्डोनेसियाका तीन महिला पक्राउ

**मधेशदृष्टि**
**काठमाडौँ ।**

नेपालमा पर्यटक र अध्ययन भिसा दुरुपयोग गरी शंकास्पद धार्मिक गतिविधिमा संलग्न रहेको आरोपमा इन्डोनेशियाका तीन महिलालाई अध्यागमन विभागले पक्राउ गरेको छ । अध्यागमन विभागका अनुसार एक जना पर्यटक भिसामा र दुई जना अध्ययन भिसामा नेपाल प्रवेश गरेका थिए । तर ती दुई जना कुनै शैक्षिक संस्थामा भर्ना नभई भिसाको उद्देश्य विपरीत धर्म प्रचारमा संलग्न भएको पाइएको हो ।

ललितपुरको धोबीघाटस्थित 'हिमालय शिक्षा तथा हितेशी समाज' संस्थामा उनीहरूले गर्ल्स होस्टेल सञ्चालन गर्दै आएका थिए । त्यहाँ शिक्षकको हैसियतमा राखिएका ती महिलाहरूले टर्कीस भाषा, कुरान पढाउने तथा मुस्लिम धर्म प्रचारप्रसार गर्ने गतिविधि गरिरहेका अवस्थामा पक्राउ परेका हुन् । अनुसन्धानमा संस्थाले हरेक वर्ष करिब २ करोड ५० लाख रुपैयाँ विदेशी स्रोतबाट धर्म प्रचारका लागि प्राप्त गर्ने गरेको तथ्य बाहिर आएको छ । पक्राउका बेला होस्टेलमा ५० छात्रा अन्य शैक्षिक संस्थामा भर्ना नभई कुरान पढिरहेको अवस्थामा फेला परेका थिए । यस्तै, ललितपुरकै ज्वागल क्षेत्रमा एक ब्वाइज होस्टेल पनि सञ्चालनमा रहेको र त्यहाँ विभिन्न जिल्लाका व्यक्तिलाई धर्मसम्बन्धी प्रशिक्षण दिइने गरेको प्रारम्भिक अनुसन्धानले देखाएको छ । अध्यागमन ऐन, २०४९ अनुसार भिसाको उद्देश्यविपरीत काम गैरकानूनी ठहरिने भएकाले दोषी प्रमाणित भए ५० हजार रुपैयाँसम्म जरिवाना, निष्कासन र नेपाल पुनः प्रवेशमा रोक लगाइने व्यवस्था छ ।

## पेट्रोलियम पाइप लाइन हस्तान्तरण हुँदै

**मधेशदृष्टि**
**बागमती ।**

मोतिहारी–अमलेखगञ्ज पेट्रोलियम पाइप लाइन नेपाल आयल निगमलाई हस्तान्तरणको तयारी अन्तिम चरणमा पुगेको छ । पाइप लाइन विस्तारको सम्पूर्ण काम सकिएर अहिले सोही पाइप लाइनबाट मोतिहारीदेखि अमलेखगञ्जसम्म पेट्रोलियम पदार्थको आयात भइरहेको छ ।

'पाइप लाइनबाट नियमित रुपमा पेट्रोलियम पदार्थ आयात भइरहेको छ,' नेपाल आयाल निगम मधेश प्रादेशिक कार्यालय अमलेखगञ्जका प्रमुख प्रलयंकर आचार्यले भने, 'पाइन लाइनबाट ल्याइएको पेट्रोलियम पदार्थको परीक्षण काम पनि भइरहेको छ, त्यसका लागि भारतीय आयल निगमको प्राविधिक टोली फिल्डमै खटिरहेका छन् ।'

पाइप लाइनमा कुनै समस्या देखिएको खण्डमा तत्कालै मर्मत सम्भार भइरहेको छ, परीक्षणको कामसमेत सकिएकाले छिट्टै पाइप लाइन हस्तान्तरण गर्ने तयारी भइरहेको उनको भनाइ छ । दुवै देशका प्रधानमन्त्रीले संयुक्त रुपमा पाइप लाइनको उद्घाटन गर्ने वा कसरी हस्तान्तरण गर्ने विषयमा दुवै पक्षबीच छलफल भइरहेको प्रमुख आचार्यले बताए । यस्तै, बाराको अमलेखगञ्जदेखि चितवनको लोथरसम्म पेट्रोलियम पाइप लाइन विस्तारको काम छिट्टै अघि बढाइने भएको छ ।

अमलेखगञ्जबाट लोथरसम्म ६९ किलोमिटरमा निर्माण हुने पेट्रोलियम पाइप लाइनको काम अगाडि बढाउने विषयमा उच्चस्तरीय प्राविधिक टोलीबाट डिपिआर निर्माणको काम अन्तिम चरणमा पुगेकाले अबको केही दिनभित्रै पाइप लाइन निर्माणको कामले तिव्रता लिने नेपाल आयल निगम मधेश प्रादेशिक कार्यालय अमलेखगञ्जका प्रमुख आचार्यले बताए । 'डिपिआर निर्माणको काम अन्तिम चरणमा पुगेर पाइप लाइनको काम अघि बढाउन चितवनमा कार्यालयसमेत स्थापना भइसकेको छ,' प्रमुख आचार्यले भने, 'अबको केही दिनभित्रै माटो सम्याउने कार्य पनि शुरु हुन्छ ।' शुरु भएको तीन वर्षभित्र काम सकिने लक्ष्य रहेको उनको भनाइ छ । भारतको मोतिहारीदेखि बाराको अमलेखगञ्जसम्म पाइप लाइनको काम सकिएर पाइप लाइनबाटै पेट्रोलियम पदार्थको आयात शुरु भएपछि अमलेखगञ्जबाट लोथरसम्म पाइप लाइनको काम शुरु गर्न लागिएको हो । चितवनको लोथरमा कुल २३ बिघा १२ कठ्ठा जग्गामा ग्रिनफिल्डसहितको एक लाख लिटर पेट्रोलियम पदार्थ भण्डारण गर्नसक्ने टनेल निर्माण गरिने प्रमुख आचार्यले बताए ।

नेपाल–भारतबीच 'जिटुजी' सम्झौता मार्फत निर्माण हुन लागेको अमलेखगञ्ज–लोथर पाइप लाइन विस्तारको काम भारतीय आयल निगमले गर्नेछ । अमलेखगञ्जस्थित आयल निगमको पेट्रोलियम पदार्थ लोडिङ गर्ने बईमा समस्या देखिएपछि भारतीय प्राविधिक टोलीले मर्मत गर्ने भएको छ ।

## मधेशको सुक्खा हल गर्न काम शुरु

**मधेशदृष्टि**
**काठमाडौँ ।**

ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री दीपक खड्का र जलस्रोत तथा सिँचाइ विभागका महानिर्देशक इञ्जिनियर मित्र बरालले मधेश प्रदेशको विद्युत् र सिँचाइ सेवाका अवस्थाबारे जनकपुरमा जानकारी लिएका छन् ।

नेपाल विद्युत् प्राधिकरण, प्रादेशिक कार्यालय जनकपुरधाममा आयोजित कार्यक्रममा उनीहरुले मधेश प्रदेशको विद्युत् र सिँचाइ क्षेत्रमा तत्काल थप सुधारमा लाग्न पनि कर्मचारीलाई निर्देश गरे । मन्त्री खड्काले मधेश प्रदेशमा विद्युत् चुहावट अन्य प्रदेशका तुलनामा उच्च रहेको हुँदा यसलाई तत्काल समाधान गर्नुपर्ने बताए ।

उनले भने, 'यस प्रदेशमा विभिन्न स्थानमा अझै पनि पटक–पटक बिजुली कटौती हुने जनगुनासो छ । २४ घण्टा विद्युत् आपूर्ति सुनिश्चितता गरिनुपर्छ । विद्युत् र सिँचाइ क्षेत्रमा सुधार आवश्यक छ ।

यो कामलाई प्रोत्साहित गर्दै, जनताको जीवनस्तर उकास्न हामी प्रतिबद्ध छौँ ।' जलस्रोत तथा सिँचाइ विभागका महानिर्देशक इञ्जिनियर बरालले तराईमा पछिल्लो समय देखिएको सुक्खा समस्यालाई सम्बोधन गर्न सकिने हुँदा यसमा विभागले उच्च प्राथमिताका साथ ध्यान दिएको जानकारी दिए ।

कार्यक्रममा नेपाल विद्युत् प्राधिकरण सञ्चालक समितिका सदस्य श्यामकिशोर यादव, विद्युत् प्राधिकरण प्रादेशिक कार्यालय जनकपुरका प्रमुख मनोज यादवलगायतको उपस्थिति थियो ।



# नक्सा पास नगरी बनेका घर अभिलेखिकरणको अन्तिम मौका

**मधेशदृष्टि**
**रौतहट ।**
चन्द्रपुर नगरपालिकाले नक्सा पास नगरी बनेका घरधनीलाई अन्तिमपटक अभिलेखिकरणको अवसर दिने भएको छ । भदौ २ गते बसेको नगर कार्यपालिकाको बैठकले एक महिनाभित्र अभिलेखिकरण सक्नुपर्ने निर्णय गरेको हो ।

निर्धारित मापदण्डअनुसार २०७४ सालअघि बनेका घरलाई अभिलेखिकरण गर्न यसअघि पनि पटक–पटक आह्वान गरिए पनि यो अन्तिम मौका भएको नगरपालिकाले जनाएको छ ।

पुराना घर अभिलेखिकरण गर्दा प्रति स्क्वायर ८ रुपैयाँ, नयाँ नक्सा पास गर्नेका लागि भने प्रति स्क्वायर ५ रुपैयाँ




शुल्क तोकिएको छ । नगर प्रमुख सञ्जय कुमार काफ्लेले तोकिएको अवधिभित्र अभिलेखिकरण गरेर सम्पत्ति सुरक्षित बनाउन आग्रह गरे । उनले भने, 'बैंक ऋण लिनुपर्ने बेला मात्रै नक्सा पास गर्ने प्रवृत्ति मौलाएको छ । यसलाई रोक्न यो निर्णय गरिएको हो ।'

वडा नं. १ का अध्यक्ष बलराम राउतले यो अवसर गुमाउँदा भविष्यमा समस्या निम्तिन सक्ने चेतावनी दिए । तर, नगरपालिकाको निर्णयलाई राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वापा) चन्द्रपुर नगर समितिले जनविरोधी भन्दै आपत्ति जनाएको छ । पार्टीले प्रति स्क्वायर ८ रुपैयाँ अस्वीकार्य भएको भन्दै शुल्क घटाउन माग गरेको छ । भदौ ३ गते नगर प्रमुखलाई बुझाइएको ज्ञापनपत्रमार्फत रास्वापाले एक वर्षको समयसीमा तोक्नुपर्ने र प्रति स्क्वायर १ रुपैयाँ मात्र लिनुपर्ने अडान राखेको छ । रास्वापा नगर सभापति उदय नारायण सापकोटा (सुरेन) ले नगरपालिकाले बिचौलियाको उक्साहटमा लागेर जनविरोधी निर्णय गरेको आरोप लगाउँदै तत्काल सच्याउन चेतावनी दिएका छन् । नगरपालिकाले भने सूचना अन्तिम मौका भएको दोह्¥याउँदै तोकिएको समयसीमा भित्रै सबैले प्रक्रिया पूरा गर्नुपर्ने स्पष्ट पारेको छ ।

# जनता बहुमुखी क्याम्पसलाई जुट्यो नौ बिघाभन्दा बढी जग्गा




**महोत्तरी ।**
महोत्तरीको बर्दिबास–१४ स्थित बर्दिबास जनता बहुमुखी क्याम्पस आर्थिक अवस्था कमजोर भएका परिवारका छोराछोरीको उच्च शिक्षाको गन्तव्य हो । यहाँ बर्सेनि विद्यार्थी थपिँदै गएका छन्, तर पर्याप्त जग्गा अभावमा क्याम्पसले समस्या खेप्दै आएको छ । पछिल्लो समय भने यहाँ क्याम्पसलाई स्रोतसाधन जुट्दै गएको छ । क्याम्पस प्रशासनले हालै नौ बिघाभन्दा बढी जग्गा प्राप्त भएको जनाएको छ । विसं २०६४ मा बर्दिबास–२ स्थित जनता माध्यमिक विद्यालयमा सञ्चालन हुँदै आएको क्याम्पस पाँच÷छ वर्षपछि बर्दिबास–१४ मा छ कट्ठा जग्गामा भवन बनाएर सञ्चालन हुँदै आएको छ । त्रिभुवन विश्वविद्यालयको आङ्गिक क्याम्पस रहेको यहाँ हाल एक हजार २०० विद्यार्थी छन् । बर्सेनि विद्यार्थी सङ्ख्या बढ्दै गएको पनि क्याम्पसलाई थप भवन बनाउन ठाउँ अभाव भइरहेका बेला यसपालि नौ बिघा एक कट्ठा नौ धुर जग्गा प्राप्त भएका क्याम्पस व्यवस्थापन समितिका अध्यक्ष भरतबहादुर हमालले जानकारी दिए । उनकाअनुसार साबिक २५ नं बहादुरगञ्ज–२ को कित्तानम्बर १७ र १८ बाट जग्गा प्राप्त भएको र अब यहाँ थप भवन, खेलमैदान, उद्यान र छात्रावास बनाइने छ । 'आवश्यक जग्गा प्राप्त भएको छ, अब स्रोतसाधन र सहयोग जुटाएर थप संरचना बनाउँछौँ । त्यसका लागि समन्वय गरिरहेका छौँ,' अध्यक्ष हमालले भने । क्याम्पसलाई बर्दिबास नगरपालिकाको सिफारिसमा जिल्लास्थित प्रमुख जिल्ला अधिकारी नेतृत्वको जग्गा प्राप्ति सिफारिस समितिको निर्णयले पर्ति जग्गा प्राप्त भएको जनाइएको छ । महोत्तरीका बर्दिबास, भङ्गाहा, औरही र गौशाला नगरपालिका एवं धनुषाको मिथिला नगरपालिकाका क्षेत्रबाट यहाँ अध्ययन गर्न आउने गरेका छन् । क्याम्पसमा छात्रभन्दा छात्राको संख्या बढी छ । क्याम्पस प्रमुख सीताराम खड्काले हाल यहाँ कुल विद्यार्थीको ६० प्रतिशत हाराहारी छात्रा रहेको बताए । क्याम्पसमा हाल वाणिज्य र शिक्षा सङ्कायमा स्नातक तथा शिक्षा सङ्कायमा स्वास्थ्य र नेपाली विषयमा स्नातकोत्तर तहसम्मको पठनपाठन भइरहेको छ । स्नातक तहमा मानविकी सङ्काय र स्नातकोत्तर तहमा वाणिज्यको पठनपाठन स्वीकृतिका लागि पहल भइरहेको क्याम्पस प्रशासनले जनाएको छ । रासस

# भौतिक पुर्वाधार निर्माणलाई गति प्रदान गर्ने लक्ष्यः चौधरी



**मधेशदृष्टि**
**सप्तरी ।**
नेपाल भारोत्तोलन संघका ननवनिर्वाचित अध्यक्ष कानन चौधरीले आफ्नो कार्यकालमा इमान्दार प्रयास र नेतृत्वसहित भारोत्तोलन खेललाई माथी उकास्ने प्रयास गर्ने बताएका छन् ।

जिल्ला खेलकुद विकास समिति सप्तरीले बिहीवार उनको सम्मानमा आयोजना गरेको बधाई तथा शुभकामना कार्यक्रममा प्रमुख अतिथिको आसनबाट बोल्दै उनले यस्तो बताएका हुन् । 'केही गरौ भन्ने इच्छाका साथ १९ दिनअघि निर्विरोध चयन भएर अध्यक्ष पदको जिम्मेवारीमा आएको हुँ,' उनले भने, 'आफ्नो ४ वर्षे कार्यकालमा भारोत्तोलन खेलको प्रतियोगिताहरुको बढी भन्दा बढी आयोजना, संघको विधानलाई समयानुकुल परिर्वतन गरी पूर्णता, केन्द्रीय कार्यालयको आफ्नै भवन तथा भौतिक संरचनाहरुको निर्माण कार्यलाई गति प्रदान गर्ने लक्ष्य राखेको छु ।' भारोत्तोलनका पुराना खेलाडी तथा राष्ट्रियस्तरका प्रतियोगितामा कैयौं पटक स्वर्ण पदकसमेत जितिसकेका ५८ वर्षीय चौधरीले बढी समय दिएर भएपनि लक्ष्य पुरा गर्नेतर्फ अघि बढ्ने प्रतिबद्धता जनाए । कार्यक्रममा जिल्ला खेलकुद विकास समिति सप्तरीका कार्यालय प्रमुख दिनेश भुजेल, प्रशिक्षक उमेश गुरुङ्ग, पुन्ती लाल यादव, सीताराम चौधरी, नेपाल खेलकुद पत्रकार मञ्च सप्तरीका अध्यक्ष मनोज कुमार माझी लगायतले नवनिर्वाचित अध्यक्ष चौधरीको सफल कार्यकालको शुभकामना दिँदै उनको कार्यकालमा भारोत्तोलन खेलले नयाँ उचाई प्राप्त गर्ने विश्वास व्यक्त गरे ।

# एनप्याब्सनको जिल्ला अधिवेशन स्थगित

**मधेशदृष्टि**
**वीरगंज ।**
राष्ट्रिय निजी तथा आवासीय विद्यालय एशोसिएशन नेपाल (एनप्याब्सन) ले विद्यालय शिक्षा सम्बन्धी कानुन संशोधन तथा एकीकरण गर्न बनेको विधेयक–२०८० का कतिपय प्रावधानहरू निजी लगानीका विद्यालयहरूका लागि अव्यवहारिक रहेको भन्दै आपत्ति जनाएको छ । संघले सरोकारवाला निकायहरूसँग पर्याप्त छलफल नगरी विधेयक अघि बढाइएको भन्दै सरकारसँग तत्काल छलफलमार्फत समाधान खोज्न माग गरेको छ । यसै सन्दर्भमा पर्सा जिल्लामा आगामी शुक्रबार हुने भनिएको ९औं जिल्ला तथा दोस्रो नगर अधिवेशनलाई परिस्थितिलाई मध्यनजर गर्दै अर्को सूचना नआएसम्मका लागि स्थगित गरिएको संघले जनाएको छ । प्रेस विज्ञप्तिमार्फत केन्द्रीय संस्थापक सदस्य रामविनय चौरसियाले अधिवेशन स्थगनको निर्णयबारे जानकारी गराएका छन् ।

# चन्द्रनिगाहपुरमा रक्तदान कार्यक्रम हुने

**मुकेश कुमार साह**
**रौतहट ।**
राजयोगिनी दादी प्रकाशमणीको १८औँ पुण्य स्मृतिमा रौतहटको चन्द्रनिगाहपुरमा विशेष रक्तदान कार्यक्रम हुने भएको छ । ब्रह्माकुमारी राजयोग सेवा केन्द्रले आगामी भदौ ७ गते बिहान ७ बजेदेखि दिउँसो २ बजेसम्म ओमशान्ति भवनमा कार्यक्रम गर्ने तयारी गरेको हो ।

नेपाल रेडक्रस सोसाइटी रौतहटको प्राविधिक सहयोगमा हुने उक्त अभियानलाई 'विश्व बन्धुत्वको उदात्त भावना प्रवद्र्धन' गर्ने उद्देश्यसहित विश्वव्यापी रूपमा सञ्चालन गर्न लागिएको आयोजकले जनाएको छ । प्रजापिता ब्रह्माकुमारी ईश्वरीय विश्व विद्यालयले सेवा विभागमार्फत भदौ ६ देखि ९ गतेसम्म १ सय घण्टाभित्र १ लाख लिटर रक्त संकलन गर्ने लक्ष्य लिएको छ । आयोजकका अनुसार यो नेपालमै नभई विश्वकै विशाल रक्तदान अभियान हुनेछ । कार्यक्रमबारे जानकारी दिन आयोजित पत्रकार सम्मेलनमा शाखा प्रतिनिधि मइया दिदीले रक्तदान जीवन बचाउने मात्र नभई मानवता र भाईचारा जागृत गर्ने अभियान भएको बताइन् । सो अवसरमा पर्सा, बारा र रौतहटका प्रमुख छोटेलालले रक्तदान समाजलाई



प्रेरणा दिने अभियान भएकाले सबैलाई सहभागी हुन आग्रह गरे । समाजसेवी सपुत बहादुर कार्कीले रक्तदानलाई निरोगी जीवनको परिचायक र पुण्यदायी कार्यका रूपमा व्याख्या गर्दै अभियानलाई सफल बनाउन सबैको हातेमालो अपरिहार्य रहेको उल्लेख गरे ।

कार्यक्रमबारे जानकारी दिने क्रममा पत्रकार महासंघ रौतहटका अध्यक्ष संजय कार्कीले रक्तदान अभियानलाई समाजलाई मानवताको बाटोमा जोड्ने प्रयासका रूपमा प्रस्तुत गर्दै सञ्चारकर्मीहरू पनि सक्रिय रहने बताएका थिए । आयोजकका अनुसार नेपाल रेडक्रस, रोटरी क्लब, विश्वविद्यालय, कलेज तथा सामाजिक संस्थाको सहकार्यमा सञ्चालन हुने अभियानमार्फत हजारौँ मानिसलाई जीवनदान पुग्ने विश्वास गरिएको छ ।

# गडीघाट चौकमा बिहीबारे हटिया शुरुवात

**मधेशदृष्टि**
**सुनसरी ।**
सुनसरीको इटहरी उपमहानगरपालिका–७ स्थित गडीघाट चौकमा बिहीबारदेखि नियमित रूपमा बिहीबारे हटियाको शुरुवात गरिएको छ । गडीघाट बजार व्यवस्थापन समितिको आयोजना र वडा कार्यालयको सहयोगमा शुरु भएको हटियाको उद्घाटन विशेष कार्यक्रमका बीच सम्पन्न भएको हो । उद्घाटन कार्यक्रममा प्रमुख अतिथि इटहरी–७ का वडाध्यक्ष देवनारायण चौधरीले व्यवस्थित बजार सञ्चालनले किसान, व्यापारी र उपभोक्तालाई लाभ पुग्ने विश्वास व्यक्त गरे । उनले स्थानीय उत्पादनलाई बजारमा सहज पहुँच दिलाउने काम हटियाले गर्ने उल्लेख गर्दै यसले स्थानीय अर्थतन्त्रलाई गतिशील बनाउन सहयोग गर्ने बताए । पूर्व वडाध्यक्ष नरबहादुर राईले गडीघाट क्षेत्रलाई व्यवस्थित व्यापारिक केन्द्रका रूपमा विकास गर्न सबै पक्षले एकजुट भएर काम गर्नुपर्नेमा जोड दिए । उनले हटियालाई केवल किनमेलको स्थान नभई सामाजिक र सांस्कृतिक भेटघाटको केन्द्रका रूपमा विकास गर्न सकिने बताए । वडा सदस्य नेत्रबहादुर गुरागाईँले



बजार व्यवस्थापन समितिको भूमिकालाई विशेष महत्व दिँदै बजार सञ्चालन पारदर्शी, अनुशासित र उपभोक्ता हितमैत्री हुनुपर्नेमा जोड दिए । उनले उपभोक्तामाथि ठगी रोक्न नियमित अनुगमन आवश्यक हुने सुझावसमेत दिए । त्यस्तै, लक्ष्मी माध्यमिक विद्यालयका प्रधानाध्यापक प्रभु नारायण चौधरीले बजारले शिक्षासँग पनि सम्बन्ध राख्ने उल्लेख गर्दै विद्यार्थीलाई उद्यमशीलता र व्यावहारिक ज्ञान सिक्न अवसर दिने बताए । कार्यक्रममा नेपाली कांग्रेसका सभापति हेमा चौधरी, नेकपा एमालेका अध्यक्ष जितेन्द्र रम्तेल, नेकपा माओवादी केन्द्रका प्रतिनिधि विशाल कठेत, सेकरेट हार्ट स्कुलका सह–प्रधानाध्यापक अग्नी प्रसाद न्यौपाने, पूर्व वडाध्यक्ष शिव नारायण भण्डारीलगायतका अतिथिहरुले पनि आ–आफ्ना मन्तव्य राखेका थिए । गडीघाट बजार व्यवस्थापन समितिका संयोजक कृष्ण बहादुर कार्कीको अध्यक्षतामा सम्पन्न उद्घाटन समारोहको सञ्चालन समितिका सचिव जय नारायण चौधरीले गरेका थिए । समितिले बजारमा तरकारी, फलफूल, माछामासु, लत्ताकपडा, भाँडाकुडा लगायत दैनिक उपभोग्य सामग्री सहजै उपलब्ध हुने जानकारी दिँदै प्रत्येक बिहीबार नियमित रूपमा हटिया सञ्चालन गर्ने घोषणा गरेको छ ।

# छनौट परीक्षा आज

**मधेशदृष्टि**
**वीरगंज ।**
वीरगंज महानगरपालिकाले शैक्षिक सत्र २०८२/८३ का लागि कक्षा ९ र ११ मा अध्ययनरत विद्यार्थीहरूलाई छात्रवृत्ति प्रदान गर्न आयोजित छनौट परीक्षा शुक्रवार बिहान ७:३० बजे सञ्चालन हुने भएको छ । महानगरपालिकाको शैक्षिक प्रशासन महाशाखाका प्रमुख आनन्द लामिछानेले जारी गरेको सूचनाअनुसार परीक्षामा सहभागी हुन अनलाइन फारम भरेका विद्यार्थीहरूले महानगरपालिकाको आधिकारिक वेबसाइट मार्फत प्रवेश पत्र डाउनलोड गर्नुपर्ने छ । प्रमुख लामिछानेले सम्पूर्ण विद्यार्थी र अभिभावकलाई समयमै प्रवेश पत्र प्रिन्ट गरी परीक्षाको तयारी गर्न आग्रह गरेका छन् । छात्रवृत्ति कार्यक्रमले आर्थिक रूपमा कमजोर तर मेधावी विद्यार्थीहरूलाई उच्च शिक्षा प्राप्तिमा सहयोग पु¥याउने लक्ष्य राखेको छ ।

# सभापतिमा कुर्मी

**मधेशदृष्टि**
**वीरगंज ।**
राष्ट्रिय स्वतन्त्र पार्टी निर्वाचन क्षेत्र नम्बर–३ को सभापतिमा मनोज कुर्मी चयन भएका छन् ।

बिहीबार वीरगंजमा रास्वपा पर्सा जिल्ला समितिले आयोजना गरेको निर्वाचन क्षेत्र नम्बर पुनर्गठन तथा पदपुर्ती कार्यक्रममा पोखरिया निवासी कुर्मी चयन भएका हुन् । उपसभापतिमा महेन्द्र नारायन दास र सुजित कुमार, सचिवमा अरुण गुप्ता र तीन क्षेत्रीय सदस्य गरि सात सदस्यीय समिति गठन गरेको छ ।

राष्ट्रिय स्वतन्त्र पार्टी पर्सा जिल्ला सभापति हरि पन्तले क्षेत्रीय समितिहरु पार्टीको मेरुदण्ड भएको हुँदा क्षेत्र विस्तारले जिल्लामा पार्टी मजबुत हुने बताए ।

# देवकोटाको निधनले क्षतीः काँग्रेस

**मधेशदृष्टि**
**सप्तरी ।**
एक साताअघि निधन भएका राजविराज–७ निवासी नेपाली काँग्रेसका पुराना एवम् निष्ठावान नेता सुरेश प्रसाद देवकोटाको परिवारजनलाई भेटेर नेपाली काँग्रेस सप्तरीको टोलीले समवेदना प्रकट गरेको छ । बिहीवार नेपाली काँग्रेस सप्तरीका उपसभापति रामकुमार यादव र सचिव सनत मण्डलको अगुवाईमा पुगेको टोलीले परिवारजनलाई भेटेर स्व.देवकोटाप्रति श्रद्धाञ्जली तथा परिवारजनप्रति दुःख सहने शक्ती प्राप्त होस् भन्ने कामना सहितको फ्रेम गरिएको समवेदना पत्र बुझाएका हुन् । केही समय यता विरामी रहँदै आएका ७८ वर्षीय देवकोटाको



साउन २४ गते उपचारकै क्रममा निधन भएको थियो । स्व. देवकोटाको श्रीमती सुधा, छोरा देवेन्द्र, शैलेन्द्र र छोरी मौसम छन् । नेपाली काँग्रेसका क्रियाशिल सदस्य एवम् प्रजातान्त्रिक आन्दोलनका अगुवा देवकोटाको निधनले पार्टीलाई अपुरणिय क्षती पुगेको नेपाली काँग्रेस सप्तरीका सभापति रामदेव साहले बताए । समाजसेवा क्षेत्रमा समेत क्रियाशिल देवकोटाको निधनले एउटा अभिभावक गुमाएको महशुस भएको राजविराज नगरपालिका वडा–७ का सदस्य रामानन्द देवले बताए ।

## सम्पादकीय

# महानगरका भूमिहीनका लागि प्रयास

वीरगंज महानगरपालिकाले भूमिहीन नागरिकलाई जग्गा उपलब्ध गराउने प्रक्रिया अघि बढाएको छ । भूमिसमस्या समाधान आयोग, पर्साले जिल्लाभर भूमिहीनको लगत संकलन अन्तिम चरणमा पुऱ्याइरहेका बेला महानगरले आयोगसँगको सहकार्यमा भूमिहीनलाई विधिअनुसार जमीन उपलब्ध गराउने कार्य प्राथमिकतामा राखेको हो । महानगर प्रमुख राजेशमान सिंहले ३२ वडाका सचिवसँग भूमिहीनको लगत संकलन छिटो सम्पन्न गर्न निर्देशन दिए । जमीन नभएकालाई जग्गा पाउने व्यवस्था मिलाउन उनको जोड थियो । प्रक्रिया पूरा गरेर लगत बुझाउन भनिएको छ ।

भूमिसमस्या समाधान आयोग, पर्साका अध्यक्ष तबरेज अहमदले वीरगंज महानगरमा अहिलेसम्म भूमिहीनको विवरण आयोगमा नबुझाएको भन्दै असन्तोष प्रकट गरेका थिए । महानगरले ढिलाइ गर्न नहुने उनको धारणा छ । जिल्लामै लगत संकलन भइरहेको छ । महानगरकै लागि अन्तिमपटक समय थप गरिएको हो । अनौपचारिक तथ्यांकअनुसार वीरगंज महानगर क्षेत्रमा १ हजार ५ सय हाराहारीमा भूमिहीन परिवार रहेको अनुमान छ । कोही पनि वञ्चित नहोस् भन्ने उद्देश्यसहित आयोगले महानगरलाई जिम्मेवार भएर कार्य सम्पादन गर्न आग्रह गरेको छ ।

महानगरका प्रमुख प्रशासकीय अधिकृत अरविन्दलाल कर्णले आयोगसँग घनिष्ठ समन्वय गर्दै भूमिहीनलाई लालपुर्जा वितरण गर्ने कार्यमा महानगर पूर्ण प्रतिबद्ध रहेको बताए ।

भूमिसम्बन्धी कार्यलाई व्यवस्थित गर्न महानगरमा छुट्टै शाखा गठन गरी लगत संकलन तत्काल शुरु गर्ने व्यवस्था मिलाइएको छ । लगत संकलन कार्य चाँडै अघि बढे लामो समयदेखि जमिनको अधिकारविहीन बनेका भूमिहीन परिवारलाई लालपुर्जा प्राप्त गर्ने मार्ग खुला गर्ने विश्वास पैदा भएको छ । महानगरको सक्रियताको सबैले स्वागत गरेका छन् ।

# अटिजमलाई हेर्ने नजर कहिले होला परिवर्तन ?



जुनु भट्टराई



केही वर्षअघिको कुरा हो, मीरा चुडालको फोनमा घण्टी बज्यो । त्यो फोनको घण्टी आफन्तको छोराको जन्म दिनको भोजको निम्ताको लागि थियो । निम्ता सबै परिवारलाई नै थियो । मीराले समय मिलाएर आउने प्रतिबद्धता पनि ब्यक्त गर्नुभयो । जब कुराकानी टुङ्ग्याएर फोन राख्नुभयो, तब उहाँको मनमा कुराकानीकै क्रममा भएको एक बाक्यले चस्स घोच्यो । 'पालो गरेर आउनु नि !' आफन्तको कुरा गराई अनुसार पालो गर्नुपर्ने कारण थियो १२ वर्षीय छोरो सेजल ।

उनको १२ वर्षीय छोरा अटिजमको समस्यामा थिए । अटिजमकै कारण अन्य बच्चाभन्दा केही भिन्न व्यवहार र चकचके स्वभाव थियो । त्यस्तो स्वभाव भएकै कारण आफन्तले छोरोलाई घरमा राखेर पालो परेर आउनु भन्ने मनसाय राख्नु मीराको लागि त्यति सामान्य लागेन । उहाँलाई धेरैपटक सोच्न बाध्य गरायो ।

एउटा सामान्य जन्म दिनको भोजमा जान श्रीमान् श्रीमतीले किन पालो गरेर जानुपर्ने थियो र ? आखिर अभिभावक परिवार सबै सहभागी हुनेवाला नै थिए । उहाँको मनमा अनेकौ विचारका ज्वाराभाट चल्न थाले । –तपाई जानुस, आशिर्वाद दिएर आउनुस, म बाबु हेरेर बस्छु,' मीराले श्रीमानलाई जन्म दिनको भोजमा जान अनुरोध गर्दै आफू नजाने निर्णय सुनाउनुभयो । केही समयअघि फोनमा हासीखुसी कुरा गरेकी श्रीमती एकाएक नजाने भनेपछि श्रीमानले कारण जान्न चाहनुभयो । उहाँले बेलिबिस्तार लगाउनुभयो पनि । उही बाक्य, 'पालो गरेर आउनु नि ।' यति कुरा मीराको कानमा मात्र गुञ्जिरहेन, उहाँको मातृबात्सल्यता नराम्रोसँग खल्बलाइदियो । त्यसैले श्रीमानले सम्झाउँदा पनि उहाँ पार्टीमा सहभागी नहुने निर्णयमै अडिग रहनुभयो । 'कसैले मेरा सन्तानलाई समस्या देख्छ भने त्यो समस्या हाम्रो होइन, उनीहरुको समस्या हो, त्यसैले मलाई त्यो पार्टीमा जान मन लागेन म गइनँ,' मीराले भन्नुभयो, 'बाबुलाई अटिजम छ भनेर हामीले स्वीकारिसकेका छौँ र हामीलाई आफ्नो छोरालाई अरूसँग दाँजेर हेर्नु आवश्यक लाग्दैन, उसलाई जे–जति सकिन्छ, सिकाउँदै जान्छौँ र अटिजम सम्बन्धमा बुझ्दै, बुझाउँदै पनि जानेछौँ ।'

आफन्त छिमेकी भनेकै दुःखसुखमा काम लाग्नुपर्छ भन्ने उहाँको मान्यता हो । परिवार, छिमेकी, आफन्त, समाज आखिर केका लागि ? हुन त मीराका लागि घटना नौलो घटना भने थिएन । छोरो तीन वर्ष हुँदा उनलाई अटिजमको समस्या पत्ता लागिसकेको थियो ।

पेशाले स्टाफ नर्स, विराट नर्सिङ होममा स्टाफ नर्सको जिम्मेवारी सम्हाल्दै आउनुभएकी उहाँले छोराको हेरचाहको लागि जागिर त्याग गरेर बस्नुपऱ्यो । 'त्यो मेरो लागि त्याग थिएन आवश्यकता थियो,' उहाँ भन्नुहुन्छ, 'आमाहरुले सन्तानको लागि गरेको हरेक सम्झौता आवश्यकता हुन्छ, त्याग हुँदो रहेनछ तर सबैका परिवार समाजले यो कुरा कहाँ बुझ्छन् र ?' यसबीचमा उहाँले अनेकौं विभेदपूर्ण व्यवहार महशुस गर्नुपरेको अनुभव छ उहाँलाई । 'म एक पढे लेखेको महिलाले त समाजबाट त्यस्ता कति दुव्यबहार अदृश्यरुपमा भोग्नुपरेको छ भने अरुको अवस्था के होला ?' उहाँ प्रश्न गर्नुहुन्छ ।

अटिजम समस्या भएका बालबालिकाका अभिभावकले बच्चाको कारण समाजमा फरक व्यवहार भोग्नुपरेको गुनासा सुन्ने गरिन्छ । मीरा भन्नुहुन्छ, 'सबैको घरमा कोही न कोही बिरामी या रोगी भएकै हुन्छन् । हामीलाई त सामान्य लाग्छ, अटिजम भएका हाम्रा छोराछोरीलाई हेर्ने नजर किन यस्तो ?'

विसं २०७० तिर उहाँले छोरालाई भर्खरै मन्टेश्वरीमा भर्ना गराउनु भएको थियो । केही महिना बित्दै जाँदा स्कुलबाट अचम्मका खबर आउन थाले । होमवर्क नगर्ने, पेन्सिल नसमात्ने, अरुसँग नखेल्ने, कक्षामा कहिलेकाहीँ अत्यन्त चुपचाप बस्ने । शिक्षकले अभिभावकलाई भने, 'बाबु अरु बच्चाभन्दा फरक देखिन्छ ।' यो कुरा सुनेपछि मीराले छोरालाई काठमाडौंस्थित कान्ति बाल अस्पतालमा लैजानुभयो । विभिन्न परीक्षणपछि चिकित्सकले छोरालाई अटिजम स्पेक्ट्रम डिसअर्डर भएको बताएपछि उहाँ खङरङ्ग हुनुभयो । चिकित्सकको भनाइ स्पष्ट थियो अटिजमको कुनै निश्चित औषधि छैन तर समयमै थेरापी र सही व्यावहारिक अभ्यास सुरु गरिएमा बालबालिकाको क्षमता उल्लेख्य रूपमा सुधार हुन्छ ।

बालबालिकाको अवस्था सुधार गर्ने उद्देश्यले उहाँले 'अटिजम केयर नेपाल' काठमाडौँमा राखेर विशेष थेरापी कक्षामा पढाउन थाल्नुभयो । तर लामो समयसम्म काठमाडौँमा कोठा लिएर बस्नु आर्थिक रूपमा सम्भव थिएन । उहाँ भन्नुहुन्छ, 'त्यो समयमा बिराटनगरमा अटिजमबारे काम गर्ने कुनै संस्था थिएन, न विशेष शिक्षा दिने विद्यालय नै । हामीजस्ता अभिभावक अन्योलमा थियौँ आफ्ना बच्चालाई कहाँ लैजाने ?' जसोतसो झण्डै दुई वर्ष कटिजम केयर नेपाल काठमाडौँमा बिशेष थेरापी कक्षामा राख्नुभयो ।

विराटनगर फर्केपछि बरगाछीस्थित प्रगतिमार्ग आदर्शटोलमा अटिजमका समस्या भएका बालबालिकालाई हेर्ने अटिजम केयर सोसाइटीमा राखेर पढाउन थाल्नुभएको छ । उहाँ आफू पनि सोही संस्थामा कार्यक्रम अफिसरको रुपमा कार्यरत हुनुहुन्छ । झण्डै एक दशकको अनुभवमा उहाँले बुझेको कुरा अभिभावकका तर्फबाट मुख्य सहयोग भनेकै अटिजमलाई स्वीकार्नु हो, त्यसपछि मात्र परिवार–छरछिमेकले उनीहरूमाथि नराम्रो व्यवहार गर्ने हिम्मत गर्दैनन् ।

अटिजम भएका बालबालिकालाई धेरैभन्दा धेरै माया दिएर अपनत्व र सुरक्षित महसुस गराउनुपर्ने उहाँको भनाइ छ । उनीहरूका गल्ती र कमीकमजोरीलाई दण्डित गर्ने, रिसाउने, डर–त्रास भर्ने काम गरेमा उग्र व्यवहार झन् बढ्न सक्छ । उनीहरूलाई माया गर्दै जाँदा विस्तारै धेरै कुरा बुझाउन सकिन्छ। बुझाइलाई बढाउँदै लैजाने तरिका पनि यही हो। घरपरिवारले अटिजममैत्री व्यवहार गर्न र सहजै सिक्ने वातावरण बनाउन सके उनीहरूको जीवनलाई सरल र सामान्य बनाउन सकिने भएकाले उहाँ यसपतर्फ सधैँ सचेत भएको बताउनुहुन्छ ।

**अभिभावककै पहलमा अटिजम केयर सोसाइटी स्थापना**

अटिजम भएका बालबालिकाको उपचार र हेरचाहका लागि विराटनगरमा अभिभावककै पहलमा २०७५ सालमा नेपाल अटिजम केयर सोसाइटी स्थापना भएको छ । यस संस्थाबाट हाल १४ जना अटिजम भएका बालबालिकाले नियमित सेवा लिइरहेका छन् । २०७० सालतिर आफ्ना बच्चामा अटिजमका लक्षण देखिएर काठमाडौँमा उपचार गराउन बाध्य भएका अभिभावकले स्थानीयस्तरमा सुविधा नहुँदा संस्था खोल्ने निर्णय गरेका थिए । सुरुमा करिब १०–१२ जना अभिभावकले अटिजम केयर नेपाल, काठमाडौँबाट तालिम लिएर सोसाइटी स्थापना गरेका थिए ।

हाल यस सोसाइटीमा ३० भन्दा बढी सदस्य छन् । केही बालबालिकाले यहाँको थेरापीबाट सुधार भई सामान्य विद्यालयमा भर्ना पनि भएका छन् । सोसाइटीमा मन्टेश्वरी तालिम प्राप्त शिक्षिका र नर्समार्फत सञ्चार सीप, सामाजिक विकास र व्यावहारिक तालिम दिने गरिन्छ । सोसाइटीका अध्यक्ष बास्तोला भन्नुहुन्छ, 'अटिजमबारे अझै समाजमा ज्ञानको कमी छ । धेरै अभिभावकले बच्चाको समस्या स्वीकार गर्न हिचकिचाउँछन् तर समयमै थेरापी सुरु गरे सुधारको सम्भावना धेरै हुन्छ ।' उहाँका अनुसार सोसाइटीले अभिभावकलाई निःशुल्क परामर्श सेवा पनि दिँदै आएको छ । अटिजमका कारण बालबालिकामा स्पष्ट रूपमा सञ्चार र सामाजिक कठिनाइ देखिने भएकाले प्रारम्भिक उमेरमै थेरापी अपरिहार्य हुने बास्तोलाले बताउनुभयो ।

प्रदेश सरकारले सस्थाका बच्चाका लागि आइपर्ने प्राथमिक स्वास्थ्य उपचारका लागि आवश्यक प्राथमिक उपचारका लागि रु एक लाख सहयोग गर्दै आएको छ, त्यसले पनि संस्थालाई काम गर्न प्रेरणा र हौसला मिल्दै आएको छ । अहिलेसम्म पनि धेरै अभिभावकलाई अटिजम के हो थाहा नभएको बताउँछन् । धेरै अभिभावक आफ्ना बच्चामा अटिजमको लक्षण देखिए पनि उनीहरू स्वीकार गर्न हिचकिचाउने गरेको उहाँको भनाइ छ ।

उहाँ भन्नुहुन्छ, "यसको मुख्य कारण भनेको ज्ञानको कमी हो । अटिजम भएका बालबालिकालाई जति चाँडो विशेष थेरापीमा सहभागी गराइन्छ, व्यवहार परिवर्तनको सम्भावना त्यति नै छिटो हुन्छ ।" अटिजमसँग लड्नु केबल बालबालिकाको मात्र होइन, परिवारकै सङ्घर्ष भएकाले सोसाइटीले निकट भविष्यमा विशेष विद्यालय स्थापना गर्ने र जिल्लामा जनचेतना कार्यक्रम विस्तार गर्ने योजना समेत रहेको उहाँले सुनाउनुभयो ।

**अटिजम रोग होइन, समस्या हो**

अटिजम कुनै रोग नभएर यो जन्मजात हुने एक विशेष खालको विकासात्मक अपाङ्गता भएको चिकित्सकको भनाइ छ । नवजात शिशु तथा बालरोग विशेषज्ञ डा सुमित घिमिरेका अनुसार बच्चा आमाको गर्भमा विकास हुने क्रममा हुने जेनेटिक परिवर्तन वा बाहिरी कारकको असरले मस्तिष्कको स्नायु विकासमा गडबडी आउँछ, यसका कारण सामाजिक सीप, सञ्चार क्षमता र व्यावहारिक अनुकूलतामा समस्या देखिन्छ ।

अटिजम भएका बच्चामा प्रायःघुलमिल हुन गाह्रे हुने, एउटै काम दोहोऱ्याइराख्ने, सीमित रुचिमा मात्र केन्द्रित हुने र स्पष्ट रूपमा कुरा गर्न कठिनाइ हुने लक्षण देखिन्छन । 'अटिजमका लक्षण प्रायः जन्मिएको तीन वर्षमै प्रष्ट चिनिन थाल्छ,' डा घिमिरे भन्नुहुन्छ । डा घिमिरेका अनुसार अटिजमबाट प्रभावितमध्ये एक तिहाइदेखि आधा बच्चाले शब्द स्पष्ट उच्चारण गर्न सक्दैनन्, जसका कारण दैनिक जीवनका गतिविधि र सामाजिक सम्बन्धमा नकारात्मक असर पर्छ । कतिपय अवस्थामा ती बच्चाले आफैंले भनेको शब्द दोहोऱ्याउने, औंलाले देखाएको वस्तु नहेर्ने, हात ओल्टाउने, टाउको घुमाउने वा ठोक्नेजस्ता क्रियाकलाप देखाउँछन् ।

अटिजमलाई सामान्यतया अटिजम 'स्पेक्ट्रम डिसअर्डर' पनि भनिन्छ, जसमा लक्षण व्यक्तिपिच्छे फरक–फरक देखिन सक्छ । कोही बच्चा अत्यधिक सक्रिय हुन्छन् भने कोही अति निष्क्रिय । तर दुवै अवस्थामा पनि सामाजिक अन्तरक्रिया, सञ्चार सीप र कल्पनाशक्ति विकासमा अवरोध देखिन्छ ।

हालसम्म अटिजमको पूर्णउपचार पत्ता लागेको छैन तर विशेष शिक्षा, व्यावहारिक तालिम र अभिभावकको सक्रिय भूमिकाले धेरै सुधार ल्याउन सकिने डा घिमिरेको धारणा छ । 'उपचारको मुख्य उद्देश्य अटिजम भएका व्यक्तिलाई आफ्नो हेरचाह आफैँ गर्ने, सामाजिक बन्ने, व्यावसायिक सीप सिक्ने र जीवनस्तर उकासेर आत्मनिर्भर बनाउनु हो,' उहाँले भन्नुभयो । अटिजमलाई रोग ठानेर लुकाउनु हुँदैन, समयमै पहिचान गरी उपचार र तालिम सुरु गर्नु नै सबैभन्दा प्रभावकारी उपाय भएको उहाँको ठम्याइ छ । रासस

# हात्ती धपाउन जोखिमपूर्ण विद्युतीय घेराबार

चन्द्रकला भण्डारी



मेचीनगर नगरपालिका–११ का शान्तिराम चिमरियाले जंगली हात्ती नपसोस् भनेर घर र गोठलाई विद्युतीय तारले घेर्नु भएको छ । तारको बीच बीचमा पोलिथिनका सेता झोला झुण्ड्याउनु भएको छ । 'गाउँमा हात्तीका हुल पस्छन्,' उहाँले भन्नुभयो, 'परैबाट हात्ती तर्सियोस् भनेर वरिपरि तारको घेराबेरा गरेका हौँ ।' उहाँले मात्र होइन, जंगल छेउका अधिकांश गाउँमा घरको सुरक्षाका लागि यस्तै तारबार लगाएको पाइन्छ ।

काठ र बासका किलामा अड्याइएका असुरक्षित तारमा अधिकांश मानिसले रातभर विद्युत प्रवाह गरिदिएका हुन्छन् । बेलुका सुत्ने बेलामा करेन्ट प्रवाह गर्ने र विहानीपख उज्यालो भएपछि बन्द गर्ने सर्वसाधारणको प्रचलन छ । विद्युत प्रवाह भएको तारसँग हात्ती डराउने स्थानीयबासीको विश्वास छ । हात्ती धपाउन प्रयोग भएको विद्युतीय तारमा झुक्किएर जनधनको समेत क्षति हुने गरेको छ । 'राति प्रवाह गरेको विद्युतको स्वीच अफ गर्न बिर्सदा गाउँघरमा मानिस नै दुर्घटनामा नपरेका होइनन्,' उहाँ भन्नुहुन्छ, 'हात्ती आइहाल्छ, धपाउने अरु उपाय नहुँदा किसानहरु जोखिम मोलेर भए पनि करेन्ट लगाउन बाध्य भएका हुन् ।'

स्थानीयले तारमा करेन्ट नलगाई पोलिथिनका झोला झुण्ड्याउने उपाय पनि लगाएका छन् । तारमा सेता झोला लहरै झुण्ड्याउँदा करेन्ट लगाएको ठानेर हात्ती घर र बारीतिर नपस्ने विश्वास रहेको चिमरिया बताउनुहुन्छ । तर बुद्धिमानी मानिएको हात्तीले स्थानीयबासीको हरेक अवरोध पार गर्न जुक्ति लगाउने गरेको छ । नजिकैको सुकेको रुखको दाउरा वा काँचो हाँगो भाँचेर करेन्ट प्रवाह भएको तारलाई भुइँमा लतार्ने नयाँ जुक्ति हात्तीले लगाउँदै आएको चिमरियाले बताउनुभयो । एकपटक करेन्टको झड्का लागेको स्थानमा हात्ती दोहोर्याएर नआउने हुँदा सर्वसाधारणले यही विद्युतीय असुरक्षित घेराबेराको सहारा लिदै आएका छन् ।

मेचीनगर नगरपालिका–४ की ६८ वर्षीया नरमाया कोइरालाले तीन हात्तीको हुलले घर भत्काएर भताभुङ्ग बनाएको बताउनुभयो । घर भत्किएपछि हात्तीबाट असुरक्षित भएको पीडा वडाध्यक्ष अर्जुन कार्कीलाई सुनाउन उहाँ वडा कार्यालयसम्म पुग्नुभयो । भारतबाट सीमा पार गरेर आउने हात्ती समेतको विचरणस्थल बनेको झापामा मानव–हात्ती द्वन्द्वका क्रममा डेढ दशकमा ७२ जनाको हात्ती आक्रमणमा मृत्यु भएको छ भने २५ हात्ती मारिएका छन् ।

हात्ती धपाउन बिछ्याइएको विद्युतीय तारमा परेर सर्वसाधारण, हात्ती र गाईबस्तु मारिने गरेका छन् । तर, विद्युतीय तारमा परेर मरेका व्यक्ति र हात्तीको यकिन तथ्यांक राखेको पाइएको छैन ।

मानव–हात्ती द्वन्द्वको विषयमा जानकार गोविन्द न्यौपानेले सुरक्षाका लागि भन्दै विद्युतीय तार बिछ्याउने कार्य एकदमै जोखिमपूर्ण रहेको बताउनुभयो । यसबाट मानवीय क्षति समेत भइरहेको उहाँले बताउनुभयो । 'हात्ती प्रभावित बाहुनडाँगीमा अहिले चाहिँ यस्तो तार विछ्याउने गतिविधि हट्यो,' उहाँले भन्नुभयो, 'बिगतमा धेरै मानिस र हात्तीले घर वरिपरि बिछ्याइएको विद्युतीय तारमा करेन्ट लागेर अनाहकमा ज्यान गुमाएका छन् ।'

झापाको जंगल छेउछाउका बासिन्दाले तार या डोरीमा प्लास्टिकका पोकापोकी राखेर हात्ती तर्साउने गरेको जनाउँदै यसबाट पनि हात्ती नियन्त्रण प्रभावकारी नभएको उहाँको धारणा छ ।

'करेन्ट लगाएको ठानेर हात्ती तर्सेला कि भन्ने सर्वसाधारणको भ्रम मात्र हो यो,' उहाँले भन्नुभयो, 'दशकौंदेखि मानिससँग संघर्ष गर्दै आएको हात्तीले कहाँ करेन्ट छ र छैन भन्ने सजिलै थाहा पाउँछ । मनको सन्तोष मात्र हो यो ।' जोखिम निम्त्याउने गरी गाउँभरि बिछ्याइएका विद्युतीय तारको बारेमा डिभिजन बन कार्यालय, जनप्रतिनिधि र संरक्षणकर्मीहरु बेखबर छैनन् । तर, हात्तीबाट जोगिने दीर्घकालीन उपाय कसैले दिन नसकेका कारण यसलाई निरुत्साहित गर्न कुनै निकायले सकेका छैनन् । 'मानिसहरु आफू बाँच्न र आफ्नो धनसम्पत्ति जोगाउन जोखिम मोल्न बाध्य छन्,' न्यौपाने भन्नुहुन्छ, 'यस्तो कार्यलाई निरुत्साहित गर्ने काम सरकारी निकायको हो । जनचेतना पनि जगाउन आवश्यक छ । तर, दीर्घकालीन रुपमा समाधान दिन नसक्नेहरु गाउँमा गएर घेराबारा नगर भन्न सक्दैनन् ।'

डिभिजन बन कार्यालय झापाका सूचना अधिकारी अमृतबहादुर लिम्बुले सीमा क्षेत्र र जंगल बाहिर हात्ती छेक्न सरकारले नै विद्युतीय घेराबारा गरेको जनाउँदै निजी घरमा तार बिछ्याएर घेराबारा गर्ने कार्य बारे कुनै जानकारी नभएको बताउनुभयो । रासस

# आन्तरिक मतभेदका कारण कारागारमा झडप

**सुदूरपश्चिम ।**
कैलाली कारागारमा भएको झडप घटना छानबिन गर्न गठित समितिले कारागारको आन्तरिक प्रशासनका बीच मतभेद सिर्जना भई झडप भएको प्रतिवेदन तयार पारेको छ । घटना छानबिन गर्न गठित समितिका संयोजक सहायक प्रमुख जिल्ला अधिकारी किरण जोशीले कारागारको आन्तरिक प्रशासनमा मतभेद सिर्जना भई घटना भएको देखिएको बताए । उनले भने, 'घटनास्थलको अध्ययन गरी घाइते कैदीबन्दी, कारागारको वस्तुस्थिति, सुरक्षाका लागि खटिएका सुरक्षाकर्मी, प्रशासकसँग कुराकानी ग¥यौँ, बन्दीगृहभित्र रहेको 'ए ब्लक' र 'बी ब्लक' बीचको आन्तरिक प्रशासनबीच मतभेद सिर्जना भएको देखिन्छ ।'

घटनाको थप तथ्य बाहिर ल्याउन विशेषज्ञसहितको उच्चस्तरीय छानबिनको आवश्यकता देखिएको जोशीको भनाइ छ । उनले भने, 'घटनास्थलको अध्ययनका क्रममा 'सिसिटिभी फुटेज' स्पष्ट देखिएन, घाइतेले भनेबमोजिमका व्यक्तिले घटनामा संलग्नता अस्वीकार गरेको र उनीहरूसँगको कुराकानीका आधारले मात्रै पुष्टि हुने आधार नदेखिएकाले विशेषज्ञसहितको उच्चस्तरीय समिति आवश्यक देखिएको छ ।' समितिलाई १० दिनको समय दिइएकामा अध्ययन प्रतिवेदन प्रमुख जिल्ला अधिकारीसमक्ष बुझाएको छ । साउन २३ गते कारागारमा कैदीबन्दीबीच झडप हुँदा एक जनाको मृत्यु भएको थियो भने ४९ कैदीबन्दी घाइते भएका थिए । गम्भीर घाइते तीन जनाको काठमाडौँमा अझै उपचार भइरहेको छ ।

सेती प्रादेशिक अस्पताल धनगढीमा उपचार गराइरहेकामध्ये ४१ जना 'डिस्चार्ज' भइसकेका छन् । उनीहरूमध्ये तीन जनालाई कञ्चनपुर कारागार र एक जनालाई नवलपरासी कारागारमा स्थानान्तरण गरिएको छ । अस्पतालले डिस्चार्ज भने पनि धेरै कैदीबन्दी अस्पतालमा नै बसिरहेका छन् । उनीहरूले इच्छाएको कारागारमा स्थानान्तरण गरेर व्यवस्थापन गर्ने काम भइरहेको जनाइएको छ ।

घटनापछि सरकारले कैलालीका प्रमुख जिल्ला अधिकारी गोगनबहादुर हमाललाई फिर्ता बोलाएर कृष्णप्रसाद लम्साललाई खटाएको छ । यसैगरी, कारागार शाखा प्रमुखमा पनि नयाँ व्यक्ति खटाइएको छ । १ सय ५० जना अटाउने कैलाली कारागारमा हाल ६ सय ९७ कैदीबन्दी छन् । रासस

# नेपाली भूमिको रक्षा माग

**काठमाडौँ ।**
प्रतिनिधिसभाको बिहीबारको बैठकमा नेपाल कम्युनिष्ट पार्टी (एमाले) संसदीय दलका मुख्य सचेतक महेशकुमार बर्तौलाले नेपाली भूमिको विषयमा उच्चस्तरीय कूटनीतिक माध्यमबाट तत्काल समाधान गर्न सरकारको ध्यानाकर्षण गराएका छन् ।

आकस्मिक समयमा बोल्दै उनले नेपाली भू–भाग कालापानी र लिपुलेक हुँदै छिमेकी राष्ट्रहरुले सीमा व्यापार गर्ने विषयमा भएको सहमतिका विषयमा उच्चस्तरीय कूटनीतिक माध्यमबाट तत्काल समाधान गर्न सरकारको ध्यानाकर्षण गराए ।

***मुख्य सचेतक बर्तौलाले परराष्ट्र मन्त्रालयमार्फत भारत–चीनका विदेशमन्त्रीबीच बुधबार भारतीय विदेश मन्त्रालयमार्फत सार्वजनिक भएको धारणामा लिपुलेक र कालापानीको भूमि हुँदै सीमा व्यापार गर्ने कुराप्रति गम्भीर ध्यानाकर्षणसमेत गराए ।***

'भूगोल, अर्थतन्त्र, जनसङ्ख्यामा देशहरु सानो ठूलो हुनसक्छ तर नेपाल सार्वभौमसत्ता सम्पन्न मुलुक हो,' उनले भने, 'देशको स्वतन्त्रता, सार्वभौमिकता र स्वाभिमानमा कसैबाट आघात हुने काम भएको सहन सक्दैनौँ ।' उनले नेपालको भूमिमाथि नेपालको सहभागिता, स्वीकृति र जानकारीबिना दुई देशका विदेशमन्त्रीस्तरीय बैठकले सीमा व्यापार गर्ने विषयमा भएको सम्झौताको नेकपा (एमाले) संसदीय दलको तर्फबाट गम्भीर विरोध र असहमति जनाए ।

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सांसद शिव नेपालीले लिपुलेक र कालापानीको भू–भाग छिमेकी राष्ट्रले प्रयोग गर्ने विषय गम्भीर भएकाले त्यस विषयमा सरकारले गम्भीर भएर देशको रक्षा गर्नुपर्नेमा जोड दिए । उनले मानव तस्करीजस्तो गम्भीर विषय आउँदा ठूला पार्टीले गम्भीरतापूर्वक नलिएको उल्लेख गर्दै रास्वपाले स्वतन्त्र छानबिन समिति गठन गर्न अनुरोध गर्दा नगरेको र अहिले उपसभामुख माथि प्रहार गर्न खोजेको आरोप लगाए । राष्ट्रिय प्रजातन्त्र पार्टीका सांसद धुरव्रबहादुर प्रधानले भिजिट भिसामा जाने व्यक्तिका विषयमा न्यायिक छानबिन गरी तत्काल प्रतिवेदन सार्वजनिक गर्न माग गरे ।

**चीन र भारतले गरेको सम्झौताबारे जानकारी माग**

नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र)का प्रमुख सचेतक हितराज पाण्डेले चीन र भारतले नेपालको भूमि लिपुलेक मार्ग हुँदै दुई देशबीच व्यापार गर्ने भनी भएको सम्झौताबारे सदनलाई जानकारी गराउनुपर्ने माग गरेका छन् ।

प्रतिनिधिसभाको बिहीबारको बैठकको आकस्मिक समयमा उनले भने, 'बिहीबार नेपाल आमालाई दुखिरहेको छ, हाम्रा दुई छिमेकी मित्र राष्ट्र चीन र भारतले हाम्रो देश नेपाललाई जानकारीसमेत नदिइ लिपुलेक पासबाट दुई पक्षीय व्यापार खोल्ने सहमति गर्ने भन्ने खबरले हाम्रो दलको गम्भीर ध्यानाकर्षण भएको छ ।' उनले नेपालको संविधानमा उल्लेख गरेको भूमि लिपुलेक, कालापानी र लिम्पियाधुरालाई समावेश गरिएपनि नेपाललाई कुनै जानकारीसमेत नदिइ गरिएको भनिएको सहमतिको विरोध गरे ।

उनले भने, 'विगतमा पनि हाम्रो पार्टीले यो विषयमा नेपालको राष्ट्रिय सार्वभौमिकता तथा अखण्डताको विरुद्ध छ भनेर भनेकै थियो, कुनैपनि सरकारको मुख्य कामभित्र पर्ने राष्ट्रिय सार्वभौमिता र अखण्डताको रक्षाको निम्ति उभिनु हो, लिपुलेक पासबाट दुई पक्षीय व्यापार खोल्ने सहमतिको बारेमा आवश्यक कुटनीतिक र राजनीतिक पहल अगाडि बढाउन सरकारसँग अनुरोध गर्दछु ।'

नेकपा (माओवादी केन्द्र) सांसद पूर्णबहादुर घर्तीले प्रदेश राजधानीबाट सहिद मार्ग हुँदै रोल्पाबाट रुकुमपूर्वको सदरमुकाम जोड्ने रोल्पा र रुकुमको सीमानामा चिङ्वाङ खण्डमा निरन्तर पहिरो जाँदा आवागमन प्रभावित भएको बताउँदै आवागमन सहज बनाउन सरकारको ध्यानाकर्षण गराए । नेकपा (एमाले)का सांसद ठाकुरप्रसाद गैरेले भने, 'कालापानी, लिपुलेक र लिम्पियाधुरा नेपाली भू–भाग हो, त्यसको भोग गर्ने अधिकार नेपाललाई छ, अहिले चीन र भारतले त्यही लिपुलेक मार्ग भएर दुई देशबीचमा व्यापार गर्ने भनी समाचार आएको छ, नेपालको सहमतिबिना नेपालको भू–भाग प्रयोग गरी दुई देशले व्यापार गर्ने कुरा गलत छ, यो कुराबाट दुई छिमेकी सच्चिनुपर्छ, त्यो निर्णयबाट उनहरु फिर्ता हुनुपर्छ ।' उनले भारतले लिपुलेक, लिम्पियाधरा र कालापानीप्रति एतिहासिक प्रमाणले नेपालको दाबी पुग्दैन भनी दिएको अभिव्यक्तिप्रति आपत्तिसमेत जनाए । रासस





# सङ्घीयता सुदृढीकरण गर्न नवप्रवर्तन योजना प्राथमिकतामा

**लुम्बिनी ।**
लुम्बिनी प्रदेशका मुख्यमन्त्री चेतनारायण आचार्यले सङ्घीयताको सुदृढीकरणसँगै नवप्रवर्तन कार्यक्रमको प्रभावकारी कार्यान्वयनमा जोड दिएका छन् ।

प्रदेश तथा स्थानीय शासन सुदृढीकरण कार्यक्रमअन्तर्गत प्रादेशिक निर्देशक समितिको बिहीबार राप्ती उपत्यका(देउखुरी)मा बसेको बैठकमा उनले ती कार्यक्रममार्फत प्रदेशको समृद्धि र विकासलाई नयाँ उचाइमा पु¥याउन सकिने धारणा राखे ।

'जुन–जुन पालिकामा नवप्रवर्तनका कार्यक्रम लागू भएका छन्, ती कार्यक्रमको प्रभावकारी अनुगमन गर्न जरुरी छ,' मुख्यमन्त्री आचार्यले भने, 'यस अनुगमनलाई प्रभावकारी बनाउन जिल्ला समन्वय महासङ्घ, नगरपालिका महासङ्घ र गाउँपालिका महासङ्घको भूमिका महत्त्वपूर्ण रहनेछ ।' लागू भएका कार्यक्रमको प्रभावकारी अनुगमन गर्नुपर्नेमा जोड दिँदै उनले सरोकार भएका निकाय सक्रिय भएर लाग्नुपर्ने आवश्यकता औँल्याए ।

मुख्यमन्त्री आचार्यका अनुसार प्रदेशभरि हाल सात स्थानीय तहमा नवप्रवर्तन कार्यक्रम कार्यान्वयनमा छन् । बर्दियाको ठाकुरबाबा नगरपालिकामा 'दिगो विकास तथा हरित अर्थतन्त्रः कृषिको रूपान्तरणमा हामी सबैको साझेदारी', पाल्पाको तानसेन नगरपालिकामा 'तानसेन उद्यमशीलता तथा पर्यटन विकास' कार्यक्रम, रुपन्देहीको मायादेवी गाउँपालिकामा 'स्मार्ट मायादेवी', प्युठानको सरुमारानी गाउँपालिकामा 'डिजिटल विद्यालय' कार्यक्रम, नवलपरासी पश्चिमको रामग्राम नगरपालिकामा 'पर्यटन होमस्टे (घरबास) प्रवद्र्धनसँगै उद्यमशीलता' कार्यक्रम, गुल्मीको छत्रकोट गाउँपालिकामा 'सूचना प्रविधिमैत्री शिक्षा' र रुपन्देहीको शुद्धोधन गाउँपालिकामा 'विद्युतीय सुशासनका लागि इ–सिफारिस सेवा केन्द्र' सञ्चालनमा रहेका उनले जानकारी दिए ।

बैठकमा प्रदेश सरकारका प्रमुख सचिव बावुराम अधिकारीले प्रदेश तथा स्थानीय तहको कानून निर्माणदेखि कार्यान्वयन तहसम्म क्षमतावृद्धिका लागि गुणस्तरीय तालिम आवश्यक रहेको धारणा राखे ।

जिल्ला समन्वय समिति महासङ्घ लुम्बिनीका अध्यक्ष द्रोणबहादुर खत्री, नगरपालिका महासङ्घ लुम्बिनीका अध्यक्ष खिलध्वज पन्थी, गाउँपालिका महासङ्घ लुम्बिनीका अध्यक्ष विष्णुकुमार गिरी, मालारानी गाउँपालिकाकी उपाध्यक्ष दिपा पोखेलगायतले तीन तहका सरकारले सहकार्य, समन्वय र सहअस्तित्वको मर्मअनुसार नवप्रवर्तन कार्यक्रमलाई अघि बढाउनुपर्नेमा जोड दिए ।

बैठकले आर्थिक वर्ष २०८२–८३ का लागि प्रादेशिक सहयोग इकाइ र प्रदेश सुशासन केन्द्रका वार्षिक बजेट तथा कार्यक्रम अनुमोदन गरेको छ । साथै, प्रादेशिक प्राविधिक सहायता समिति गठनबारे पनि छलफल भएको थियो । बैठकमा प्रदेश सचिव कविन्द्र नेपालले विषयवस्तु प्रस्तुत गरे भने कार्यक्रम समन्वय विश्लेषक विष्णु नेपाली र प्रदेश सुशासन केन्द्रका कार्यकारी निर्देशक उजिर न्यौपानेले कार्यपत्र प्रस्तुत गरे । बैठकमा नवप्रवर्तन साझेदारी कोषमार्फत सञ्चालन भएका योजनालाई व्यवस्थित गर्नुपर्ने, सङ्घीयता सुदृढीकरणलाई आधार मानेर बजेट तथा कार्यक्रम निर्माण गर्ने, सेवा प्रवाह र सुशासन प्रवद्र्धन हुनेगरी योजना अघि बढाउने, लैङ्गिक समानता र सामाजिक समावेशीकरणमा जोड दिनेलगायतका विषयमा छलफल भएको थियो ।

त्यस्तै, 'डाटा पोर्टल' प्रयोगमा ल्याउने, 'एक्सनरुम' सञ्चालन गर्ने, वेबसाइटलाई एउटै ढाँचाको बनाउने, असल अभ्यास प्रकाशन गर्ने, गुनासोलाई डिजिटल रूपमा सङ्कलन गरी शीघ्र सम्बोधन गर्ने, आर्थिक अनुशासन कायम गर्दै बेरुजु घटाउने, परियोजना बैंक कार्यान्वयन गर्ने, तथ्यमा आधारित नीति निर्माण गर्ने र प्रदेश–स्थानीय तहबीचको समन्वयलाई प्रभावकारी बनाउने कार्यक्रम प्राथमिकतामा रहेका जानकारी दिइएको थियो । रासस

# पहिलो महिला प्रहरी सम्मेलन शुरू

**काठमाडौँ ।**
नेपालमा पहिलोपटक महिला प्रहरी सम्मेलन शुरू भएको छ । बिहीबारदेखि शुरू भएको सम्मेलन शुक्रबारसम्म सञ्चालन हुनेछ ।

सम्मेलनमा विभिन्न क्षेत्रगत रूपमा प्रतिनिधित्व हुने गरी दुई सय महिला प्रहरी सहभागी भएका छन् ।

गृहमन्त्री रमेश लेखकले बिहीबार यहाँ सम्मेलन उद्घाटन गर्दै यो सरकारका लागि मार्गदर्शक हुने विश्वास व्यक्त गरे । उनले पुरुषभन्दा महिला सक्षम छन् भन्ने उदाहरण प्रस्तुत हुँदै आएको बताउँदै महिला प्रहरीले प्राप्त जिम्मेवारीलाई प्रभावकारी रूपमा निर्वाह गरिरहेका उल्लेख गरे ।

गृहमन्त्री लेखक नेपाल प्रहरीले महिलालाई माथिल्लो तहमा पुग्नका लागि प्रेरणा दिँदै आएको बताउँदै पछिल्लो समय महिला हरेक क्षेत्रमा सक्षम रहेका धारणा राखे । विसं २०६३–६३ को आन्दोलनपछि गणतान्त्रिक व्यवस्था र समावेशी निर्माण गर्ने चरित्रका विशेषताका कारण प्रहरीमा १२ प्रतिशत महिलाको सहभागिता भएको उनले जानकारी दिए ।

समावेशी चरित्रको राज्य निर्माण गर्ने विशेषताले नागरिकलाई संविधानमा नै उल्लेख गरी धेरै अधिकार दिएको यसले पुष्टि हुने उनले बताए । उनले बिहीबारका दिनमा नेपाल प्रहरीमा २० प्रतिशत आरक्षणको व्यवस्था गरिएकाले महिलाको सहभागिता बढ्दै गएको बताए ।

गृहमन्त्री लेखकले भने, 'अब आरक्षणमा २० प्रतिशत होइन, महिला प्रहरीको उपस्थिति २० प्रतिशत पु¥याउनुपर्छ, त्यसमा हामी प्रतिबद्ध छौँ, तपाईंहरू अघि बढ्नुस् मन्त्रालयको तर्फबाट पूर्णसहयोग रहन्छ ।' उनले महिलाको आरक्षण मात्रै ३३ प्रतिशत हुनुपर्नेमा जोड दिँदै यसलाई क्रमशः बढाउँदै लगिने धारणा राखे ।




पछिल्लो समय बलात्कार, यौजजन्य हिंसाका घटना बढिरहेका भन्दै त्यसमा महिला र बालबालिका बढी पीडित भएरहेका उनले जानकारी दिए । गृहमन्त्री लेखकले तीन 'स' समानताको व्यवहार, सशक्तिकरण र सम्भावनाको अवसरमा महिलालाई समाहित गर्नुपर्नेमा जोड दिए ।

सर्वाेच्च अदालतका न्यायाधीश सपना प्रधान मल्लले न्यायको पहिलो ढोका प्रहरी भएको बताउँदै महिला हरेक क्षेत्रमा काम गर्न सक्षम रहेका महिला प्रहरीले उदाहरण प्रस्तुत गरिरहेका धारणा राखिन् ।

विगतमा महिलाले केही गर्न सक्दैनन् भन्ने अनुमान निराधार ठहर भइसकेको उनले बताए । उनले अब भिभिआइपी र भिआइपीको सुरक्षामा महिलाले पनि सुरक्षा दिन सक्छन् भन्दै उदाहरण बनिदिन प्रहरी नेतृत्वलाई अनुरोध गरे । उनले प्रहरीमा शून्यबाट १२ दशमलव ४१ प्रतिशत महिला सहभागी हुनु गर्वको विषय भएको बताए ।

महान्यायाधिवक्ता रमेश बडालले यो सम्मेलनले जे पारित गर्छ, राज्यलाई त्यसले महत्त्वपूर्ण सुझाव दिने विश्वास व्यक्त गरे । संवैधानिक निकायमा महिला न्यायाधीशका लागि प्रसूति बिदा थिएन अहिले त्यो व्यवस्था गरिएको जानकारी दिँदै उनले कानून विहिनताका कारणले पनि विभेद् भएको अवस्थामा विस्तारै सुधार हुँदै गएको बताए ।

अझै विभेद् भए यो सम्मेलनले औँल्याइदिए सुधार गरिने बडालले बताए ।

'व्यवहारको सन्दर्भमा कानून कार्यान्वयन हुने अवस्था नभएकाले कसरी गाँठो फुकाउने भनेर सुझाव आओस्,' उनले भने ।

महिला आयोगकी अध्यक्ष कमला पराजुलीले महिला प्रहरीमा आउनका लागि प्रेरणा दिने किसिमका कानून तथा नीति निर्माण गर्न सरोकार भएका निकायलाई आग्रह गरे । महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयकी सचिव लक्ष्मीकुमारी बस्नेतले महिला, बालबालिका तथा जेष्ठ नागरिकविरुद्धका हिंसा वृद्धि भइरहेका उल्लेख गर्दै हिंसा अन्त्यका लागि समन्वय र सहकार्य गर्न मन्त्रालय तयार रहेको बताए ।

नेपाल प्रहरीको अपराध अनुसन्धान विभाग प्रमुख एवम् प्रहरी अतिरिक्त महानिरीक्षक राजन अधिकारीले देशभरका महिला प्रहरी कर्मचारीहरू दर्जा, क्षेत्रगत र जिम्मेवारीगत रूपमा सम्मेलनमा सहभागी भएका जानकारी दिए । उनले सम्मेलनलाई समावेशीगत बनाउने प्रयास गरिएको उल्लेख गरे ।

सम्मेलनमा विभिन्न १० वटा कार्यपत्रमाथि छलफल हुने तथा प्यानल छलफल गरी काठमाडौँ घोषणापत्र जारी गरिने छ । साथै महिला प्रहरीको भूमिका, स्वास्थ्य, वित्तीय साक्षरता, साइबर सुरक्षा कर्तव्य निर्वाहलगायत विषयका कार्यपत्र प्रस्तुत हुनेछन् ।

महिला प्रहरीको भूमिका, लैङ्गिकमैत्री वातावरण र कार्यस्थल, सेवा प्रवाहलाई प्रभावकारी बनाउने र क्षमता अभिवृद्धि, अवसर तथा चुनौतीका विषयमा छलफल हुने प्रहरी अतिरिक्त महानिरीक्षक अधिकारीले जानकारी दिए ।

उनका अनुसार सम्मेलनमा समाजमा 'रोलमोडल'का रूपमा अग्रणी भूमिकामा रहेका व्यक्ति र प्रहरीमा नेतृत्व तहमा पुगेर सेवा निवृत्त भएका, पहिले महिला कर्मचारीको हैसियतमा रहेका र विभिन्न विधामा रहेर राष्ट्रिय तथा अन्तरराष्ट्रिय क्षेत्रमा रहेर सेवा गरेकाहरूको अनुभव आदानप्रदान हुनेछ । सम्मेलनपछि जारी हुने घोषणापत्र संविधान र कानून तथा तालुक गृह मन्त्रालयको नीति, कार्ययोजना, प्रहरीको कार्ययोजना तथा लैङ्गिक नीतिमा आधारित हुने पनि अधिकारीले बताए । हाल नेपाल प्रहरीमा १२ दशमलव ४१ प्रतिशत महिला छन् । रासस

# भूमिसम्बन्धी प्रतिवेदन पारित

**काठमाडौँ ।**
कृषि, सहकारी तथा प्राकृतिक स्रोत समितिले भूमिसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्न बनेको विधेयक, २०८२ सम्बन्धी समितिको प्रतिवेदन पारित गरेको छ । समितिको बैठकमा बहुमतले समितिको प्रतिवेदन पारित गरेको सभापति कुसुमदेवी थापाले जानकारी दिइन् । नेपाली कांग्रेस, नेपाल कम्युनिष्ट पार्टी (एमाले), नागरिक उन्मुक्ति पार्टीका सांसदहरु प्रतिवेदन पारित गर्ने पक्षमा उभिएका थिए । नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र), राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का सांसदले भने प्रतिवेदन पारित गर्ने समयमा बैठक बहिष्कार गरेका थिए ।

बैठकमा भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारणमन्त्री बलराम अधिकारीले सांसदहरुको भनाइअनुसार भूमि व्यवस्था मन्त्रालय र कानून न्याय तथा संसदीय मामिला मन्त्रालयले संशोधन गरेको बताए । संशोधन गरेका विषयलाई हेरेर अघि बढाउन उनले सांसदहरुलाई आग्रह गर्नुभएको थियो ।

सांसदद्वय बीरबहादुर बलायर, सरस्वती सुब्बालगायतले धेरै छलफल भइसकेकाले सो प्रतिवेदन पारित गरिनुपर्ने बताए ।

सांसदद्वय रुपा सोसी चौधरी र अशोक चौधरीले पहिले भएका केही विषय विना जानकारी प्रतिवेदबाट हटाइएको, प्रतिवेदनमा फरक मत लेख्न समय दिनुपर्ने माग गरेका थिए । रासस

# एउटै खोलामा छ जलविद्युत् आयोजना



**बागलुङ ।**
बागलुङको ताराखोला गाउँपालिका जलविद्युत्को हबका रूपमा विकास भएको छ । ठाडो खोलाका रूपमा रहेको यहाँको ताराखोलामा हाल दुई जलविद्युत् आयोजना सम्पन्न भएका छन् भने दुई योजना निर्माणधीन र दुई प्रक्रियामा छन् ।

सयपत्री हाइड्रो कम्पनीले गाउँपालिका–२ र ३ मा पर्ने दरमखोलामा दुई दशमलव पाँच मेगावाट क्षमताको दरम खोला 'ए' जलविद्युत् आयोजना निर्माणसम्पन्न गरी विद्युत् उत्पादनसमेत गरिसकेको छ । यो निजी कम्पनीले बनाएको पहिलो आयोजना हो । यसअघि समुदायको प्रयासमा स–साना लघु जलविद्युत् सञ्चालनमा थिए ।

सयपत्री जलविद्युत् निर्माणपश्चात् ताराखोलामा पाँचवटा जलविद्युत् आयोजना थपिने क्रममा रहेका छन् । जसमध्ये ताराखोला जलविद्युत् आयोजना सम्पन्न भइसकेको छभने अन्य चारवटा जलविद्युत् आयोजना निर्माणको चरणमा रहेका छन् ।

पाँच वर्षअघि ३८० किलोवाटको ताराखोला जलविद्युत् आयोजना निर्माणसम्पन्न भई राष्ट्रिय प्रसारण लाइनमा जोडिएको छ । हाल यहाँ मध्यताराखोला मध्य दरम 'ए' जलविद्युत् आयोजना धमाधम निर्माण भइरहेको छ । यस आयोजनाको ६० प्रतिशत काम सम्पन्न भइसकेको छ ।

यस्तै दरम 'ए' जलविद्युत् आयोजनाको चार मेघावट क्षमताको पूर्वाधार निर्माणले गति लिएको छ । यहाँ ४० प्रतिशत पूर्वाधारको काम सम्पन्न भइसकेको आयोजना सञ्चालक मिलन खतिवडाले जानकारी दिए । यहाँ तीन दशमलव पाँच मेघावाट तल्लो ताराखोला जलविद्युत् आयोजना र चार दशमलव पाँच मेघावाट मध्यदरम 'बी' आयोजना निर्माणको प्रक्रियामा रहेको छ ।

ताराखोला गाउँपालिकाका अध्यक्ष धनबहादुर विकले ताराखोलामा जलविद्युत् आयोजनामा स्थानीयको समेत लगानी भएकाले यसको निर्माणले आर्थिक विकासमा ठूलो टेवा पुग्ने बताए । 'मध्ये ताराखोला र मध्यदरम 'ए' जलविद्युत् आयोजनाले गति लिएको छभने ताराखोला हुँदै गलकोटसम्म अन्य तीन आयोजनाको कामसमेत अगाडि बढेको छ,' उनले भने, 'स्थानीयको समेत करोडौँ लगानी रहेका जलविद्युत् आयोजना सम्पन्न भएमा ताराखोलाको आर्थिक विकासमा टेवा पुग्ने छ ।'

गाउँपालिका अध्यक्ष प्रकाश घर्तीले आयोजना निर्माणले गति लिएपछि स्थानीयस्तरमा उत्साह बढेको बताउँछन् । 'हाम्रो गाउँपालिकामा विद्युत् उत्पादनका लागि धेरै आयोजना बन्नु गर्वको विषय हो । यसले पक्कै पनि गाउँपालिका आर्थिक उन्नयन र नागरिकको जीवनमा सकारात्मक प्रभाव पर्नेछ । यसकारण सबै उत्साहित छौँ ।' रासस

# राष्ट्रिय वाणिज्य बैंक र नेपाल टेलिकमबीच सम्झौता



**काठमाडौँ।**
राष्ट्रिय वाणिज्य बैंक लिमिटेड र नेपाल दरसञ्चार कम्पनी लिमिटेड (नेपाल टेलिकम)बीच निवृत्तिभरण खाता, तलबी बचत खाता तथा पेसाकर्मी सरल कर्जा सञ्चालनसम्बन्धी सम्झौतापत्रमा हस्ताक्षर भएको छ । नेपाल टेलिकमको प्रधान कार्यालयमा आज आयोजित एक कार्यक्रमकाबीच सम्झौतापत्रमा हस्ताक्षर भएको हो । नेपाल टेलिकमका तर्फबाट प्रबन्ध निर्देशक सविना मास्के प्रधान र राष्ट्रिय वाणिज्य बैंकका तर्फबाट प्रमुख कार्यकारी अधिकृत देवेन्द्ररमण खनालले हस्ताक्षर गरे । 'वाणिज्य बैंकले नेपाल टेलिकमका सेवानिवृत्त कर्मचारीका लागि पेन्सन खाता सञ्चालन गर्नुका साथै कार्यरत कर्मचारीका लागि तलबी बचत खाता, पेसाकर्मी सरल कर्जा र अन्य सेवासुविधा उपलब्ध गराउनेछ,' सम्झौतापत्रमा उल्लेख छ।

विसं २०२२ माघ १० गते स्थापना भएको वाणिज्य बैंकले हाल ७७ वटै जिल्लामा रहेका तीन सय १० वटा शाखा कार्यालयमार्फत सेवा प्रवाह गर्दै आइरहेको छ । बैंकले आफ्नो सेवालाई समयसापेक्ष बनाउँदै प्रविधिमा आधारित वित्तीय समावेशीकरण र दिगो बैंकिङ सेवा विकासमा केन्द्रित गरिरहेको बैंकका उपकार्यकारी अधिकृत पवन रेग्मीले जानकारी दिए। रासस

# ढोरपाटन र निसेलढोरमा स्याउ नफल्दा किसान चिन्तित



**बागलुङ।**
यस वर्ष निसेलढोर र ढोरपाटनमा स्याउ नफलेपछि किसान चिन्तित बनेका छन् । निसीखोला गाउँपालिका–५ निसेलढोरको कुँडे, गाभा, काङलगायतका स्थानमा स्याउ उत्पादन नभएपछि किसान चिन्तित भएका हुन् । निसेलढोरसँगै ढोरपाटन नगरपालिका–९ को नवी, भूजी, स्यालपाखेलगायत क्षेत्रमा पनि स्याउ उत्पादनमा गिरावट आएको छ।

जिल्लामा सबैभन्दा बढी स्याउ फल्ने क्षेत्रमै उत्पादनमा कमी आएको छ । स्थानीय हेमराज सापकोटाले चार रोपनी क्षेत्रमा लगाएको स्याउले यस वर्ष १० प्रतिशत पनि उत्पादन नदिएको बताए । झण्डै एक दशकदेखि स्याउखेती गर्दै आएकामा पछिल्लो तीन वर्षदेखि उत्पादन निरन्तर घट्दै गएको उनले गुनासो गरे।

'अघिल्लो वर्ष कम उत्पादन भए पनि यस वर्ष अधिकांश स्याउका बोट रित्तो छन् । जलवायु परिवर्तनका कारण समस्या भएको छ। पहिले समयमा नै वर्षा हुने हुँदा राम्रो उत्पादन हुने गरेको थियो । पछिल्ला केही वर्ष यता समयमा पानी पर्दैन।

लाखौँ लगानी गरेर खेती गरेको स्याउ नफल्दा ठूलो नोक्सानी भएको छ,' सापकोटाले भने, 'यस वर्ष त अचम्मै भयो, रूखमा एउटा–दुई वटा दानाबाहेक देखिँदैनन् । स्याउका बोट सबै खाली छन् । यही हिसाबले त आगामी वर्ष एउटा पनि दाना फल्दैन कि भन्ने डर छ।'

किसान मनबहादुर घर्तीले गत हिउँदमा लामो खडेरी पर्दा स्याउ उत्पादन हुन नसकेको बताए । स्याउ उत्पादन हुँदा किसानले लाखौँ नोक्सानी व्यहोर्नु परेको उनको भनाइ छ । इटालियन फुजी जातको बाहेक अन्य जातको स्याउ नफलेको घर्तीले सुनाए।

'पोहोर परार सालमा एक–डेढ लाखको स्याउ बिक्री हुन्थ्यो, यसपालि त दुई हजारको पनि फलेन,' उनले भने, 'हिउँदमा लामो समय खडेरी भयो, हिउँ पनि परेन । हिउँ परे त स्याउ राम्रो उत्पादन हुन्थ्यो, वर्षा नै नहुँदा यो समस्या आयो।'

जिल्लाभर ५६ दशमलव ९२ हेक्टर क्षेत्रमा स्याउखेती हुने गरेको छभने बर्सेनि ३ सय ३१ दशमलव दुई मेट्रिक टन स्याउ उत्पादन हुँदै आएको थियो। कृषि ज्ञान केन्द्रका सूचना अधिकारी सन्तोष अधिकारीले यस वर्ष उत्पादनमा ठूलो मात्रामा गिरावट आएको बताए। रासस

# चौध वर्षदेखि 'शीत भण्डार' प्रयोगविहीन



**इलाम ।**
इलाम सदरमुकामस्थित 'नेपाल–भारत मैत्री शीत भण्डार' विगत १४ वर्षदेखि प्रयोगविहीन बनेको छ । इलाम नगरपालिका–९ सेरामा करोडौं खर्चेर निर्माण गरिएको शीत भण्डार प्रयोगविहीन बनेको हो ।

सन्दकपुर गाउँपालिका–३ का किबी किसान देउकुमार राईले शीत भण्डार सञ्चालन नभएकाले उत्पादित किबी भण्डारण गरेर राख्न नसकेको गुनासो गरे । 'सिजनमै बिक्री गरिसक्नुपर्छ, अफ सिजनमा बिक्री गर्न सके मूल्य बढी पाइने थियो,' उनले भने, 'हामीले सिजनमा यताबाट सस्तोमा बेचेको किबी अफ सिजनमा भारतबाट महँगो भएर आउँछ ।' शीत भण्डार सञ्चालन गर्न सकिएमा यहाँ उत्पादित फलफुल र तरकारीले राम्रो मूल्य पाउने उनको भनाइ छ ।

शीत भण्डार सञ्चालन नहुँदा यहाँ उत्पादित तरकारी तथा फलफुल महँगोमा झापा, मोरङलगायतका जिल्लामा लगेर भण्डारण गर्नुपर्ने बाध्यता छ । आफ्नो उत्पादन सस्तोमा बेच्नुपर्दा कृषिप्रति निरुत्साहित हुने गरेको इलाम नगरपालिका–८ का किसान उमेशचन्द्र महतको गुनासो छ ।

इलाम नगरपालिकाले पटकपटक प्रयास गरेपनि शीत भण्डारसञ्चालनमा ल्याउन नसकिएको जनाएको छ । २० लाख किलोग्राम क्षमताको शीत भण्डार निर्माण गर्दा डिजाइनमा त्रुटी भएका कारण सञ्चालन गर्न नसकिएको नगरपालिकाको भनाइ छ ।

प्रमुख प्रशासकीय अधिकृत गणेशकुमार खड्काले अहिलेको प्रविधि अनुसारको संरचना नभएकाले सञ्चालन गर्न नसकिएको बताए । 'हाम्रो शीत भण्डारको संरचना अहिलेको प्रविधि अनुसारको रहेनछ, एउटै च्याम्बरमा सबै खालका वस्तु राख्नेगरी बनाइएको रहेछ,' प्रमुख प्रशासकीय अधिकृत खड्काले भने, 'पछिल्लो पटक नीजि क्षेत्रका केही टोलीहरु हेर्न आएका थिए, तर शीत भण्डारको संरचना हेरेपछि उनीहरु त्यतिकै फर्किए ।'

शीत भण्डार सञ्चालनमा ल्याउन यसलाई फरक तापक्रममा विभिन्न वस्तु राख्न मिल्ने 'मल्टी च्याम्बर' बनाउनुपर्ने आवश्यकता औँल्याइएको छ । पाँच करोड ४९ लाख ६७ हजार ६ सय ४६ रुपैयाँमा २०६८ सालमा निर्माण गरिएको थियो । भारत सरकारको चार करोड ३९ लाख तीन हजार ८ सय ८ रुपैयाँ, नेपाल सरकारको ६७ लाख ५८ हजार ५ सय ४६ रुपैयाँ र इलाम नगरपालिकाको ४३ लाख पाँच हजार २ सय ९२ रुपैयाँ लागतमा शीत भण्डार निर्माण गरिएको थियो । रासस

# सम्पदा पुनःस्थापनाकर्ताहरू राजधानीको इतिहास जोड्दै



**नयाँदिल्ली ।**
भारतको राजधानीस्थित जलवायु–नियन्त्रित कोठामा पुनःस्थापनाकर्ताहरूले नयाँदिल्लीको अतीतलाई बुझ्न अनमोल झ्याल प्रदान गर्ने दुर्लभ ऐतिहासिक कागजात र कलाकृतिहरू सावधानीपूर्वक मिलाउँदै छन् ।

इन्दिरा गान्धी नेसनल सेन्टर फर द आट्र्स (आइजिएनसिए) का विज्ञहरूले बिग्रिएका नक्सा र पुराना तस्वीरहरूलाई पुनर्जीवित गर्दैछन् । यी सामग्रीहरूले हाल तीन करोडभन्दा बढी मानिस बसोबास गर्ने विशाल महानगरको विकासक्रमलाई बुझ्न सहयोग गर्छ । यस कार्यले हजारौँ वर्षदेखि बसोबास र परिवर्तनका लहरहरू पार गर्दै आएको बहु–धार्मिक तथा बहु–सांस्कृतिक सहरको थप गहिरो समझ बनाउन मद्दत गरेको छ ।

'हामीले स्मृति जोगाइरहेका छौँ,' आइजिएनसिएको संरक्षण प्रयोगशालाका प्रमुख अचल पाण्ड्याले भने, 'जुन देशसँग स्मृति हुँदैन, त्यो देश केही हुँदैन ।'

सबैभन्दा बहुमूल्य पुनःस्थापित सामग्रीहरूमा विल्सन सर्वेक्षण नक्सा पनि पर्छन् । यी नक्सा सन् १९१० देखि १९१२ को बीचमा एक ब्रिटिश औपनिवेशिक अधिकारीले तयार पारेका करिब दुई सय ५० कागजातहरूको सङ्ग्रह हुन् । यी नक्सा १७औँ शताब्दीमा मुगल सम्राट शाहजहाँले शाहजहाँनाबादका रूपमा राजधानी स्थापना गरेको पुरानो दिल्लीमा केन्द्रित छन् ।

नक्सामा त्यतिबेला को कहाँ बस्थे भन्ने विवरण सावधानीपूर्वक अङ्कित गरिएको छ । 'तपाईंले केवल नक्सा मात्र हेर्नुहुन्न, यहाँका मानिसहरूको जीवन र इतिहास पनि बुझ्न सक्नुहुन्छ,' नयाँदिल्ली नगर परिषद्को सम्पदा पुनःस्थापना टोलीका सदस्य सञ्जीव कुमार सिंहले भने । लामो समयको उपेक्षाले यी नाजुक कागजातहरूलाई अझै कमजोर बनाएको छ । राजधानीको कठोर मौसम—गर्मीको तीव्र तापक्रम, आद्र्र मनसुन र जाडोको चिसो—सहित विश्वकै खराब वायु प्रदूषणले तिनलाई थप बिगारेको छ । यदि सन् २०२२ मा संरक्षण कार्य शुरु भएको थिएन भने यी कागजातहरू अहिले टुक्रिन्थे भन्ने पुनःस्थापनाकर्ताहरूको भनाइ छ । 'यसको महत्त्व मर्ने व्यक्तिलाई अक्सिजन चाहिने जत्तिकै हो,' सिंहले भने । एएफपी

# आलोक स्मृति राष्ट्रिय म्याराथन प्रतियोगिता हुँदै

**नवलपरासी ।**
नवलपरासी (बर्दघाट सुस्तापूर्व) नवलपुरमा आलोक स्मृति राष्ट्रिय म्याराथन प्रतियोगिता आयोजना हुने भएको छ । जिल्ला खेलकुद विकास समिति नवलपुरको आयोजना, प्रदेश खेलकुद परिषद् र प्रदेश एथलेटिक्स सङ्घ गण्डकीको प्राविधिक सहयोगमा प्रतियोगिता गर्न लागिएको जिल्ला खेलकुद विकास समिति नवलपुरका अध्यक्ष सेतबहादुर पुनले जाकारी दिए ।

जिल्लाको तीन पालिका कावासोती, मध्यविन्दु र हुप्सेकोटलाई छुने आलोक चक्रपथलाई परिक्रमा गर्ने गरि प्रतियोगिताको आयोजना गर्न लागिएको हो । कात्तिक १ गते सञ्चालन गरिने प्रतियोगितामा देशभरिबाट जम्मा २० जना खेलाडी सहभागि हुनेछन् । सात प्रदेशबाट दुई जनाका दरले चौध जना र तीन विभागीय टोलीबाट छ जना गरी २० जना खेलाडी प्रतियोगितामा भाग लिने प्रदेश खेलकुद परिषद् गण्डकीका सदस्य सचिव श्रीधर शर्माले बताए ।

प्रदेश खेलकुदमार्फत छनौट भएर सिफारिस गरिएका खेलाडी प्रतियोगितामा सहभागि हुने उनले बताए ।

प्रतियोगितामा सहभागि खेलाडी बाहेक 'दौडिन्छ नवलपुर' अन्तरगत प्रतियोगिता उद्घाटन भएको दश मिनेटपछि नवलपुरसहित यस आसपासका खेलाडी, पूर्वखेलाडी,१०० जना कार्यक्रममा सहभागि भई दौडिने कार्यक्रम रहेको जिल्ला खेलकुद विकास समितिका अध्यक्ष पुनले बताए । खेलप्रति सबैको उत्साह जगाउन यो कार्यक्रमसमेत जोडिएको उनको भनाइ छ ।

कावासोती–२, मा रहेको नवदुर्गा प्रादेशिक क्रिकेट मैदानबाट प्रतियोगिता शुरु गरी नमूना सदरमुकाममा प्रस्तावित रङ्गशाला हुँदै डण्डा, हुप्सेकोटमा रहेको युनाइटेड गोल्ड कप खेल मैदान, मध्यविन्दु नगरपालिकाको चोरमारा बजारहुँदै राइनो रङ्गशाला, इटौरा, गोछडा, त्रिभुवनटार हुँदै डण्डा गैँडाचोकमा आएर दौड समापन हुनेछ । प्रतियोगीले आलोक चक्रपथ परिक्रमा गर्ने सदस्य सचिव शर्माले बताए ।

प्रजातान्त्रिक योद्धा यादवनाथ न्यौपानेको (आलोक)को सम्झनामा २०५० सालमा आलोक चक्रपथ नामकरण गरी तीन पालिकालाई सडक सञ्जालले जोडेको चक्रपथ हालसम्म निर्माण हुन नसकेकाले प्रदेश तथा सङ्घ सरकारलाई ध्यानाकर्षण गराउन, यस चक्रपथ वरपरका धार्मिक तथा पर्यटकीय क्षेत्रको खेलका माध्यमबाट प्रचारप्रसार गराउन यो प्रतियोगिताको आयोजना गरिएको सदस्य सचिव शर्माले बताए । पहिलोपटक प्रतियोगिता शुरु गर्न लागिएको प्रतियोगिताले एथलेटिक्स खेलको म्याराथनमा विकासका लागि समेत सहयोग पुग्ने उनले बताए ।

प्रतियोगिता पहिलोपटक सुरु गर्न लागिएको र आगामी दिनमा समेत यसलाई निरन्तरता दिँदै लैजाने जिल्ला खेलकुद विकास समिति नवलपुरका अध्यक्ष पुनले बताए । प्रतियोगितामा प्रथमहुनेलाई ५० हजार रुपैयाँ, द्वितीय हुनेलाई ३० हजार रुपैयाँ, तृतीय हुनेलाई २० हजार रुपैयाँ र सान्त्वना हुने दुईजनालाई पाँच हजार रुपैयाँका दरले पुरस्कृत गरिने अध्यक्ष पुनले बताए । प्रतियोगिता सञ्चालनका लागि प्रदेश खेलकुद परिषद् गण्डकी र यहाँका स्थानीय तहको सहयोग रहने उनले बताए । रासस

# पचास वर्षपछि जग्गाधनी प्रमाण पुर्जा



**धुलिखेल।** काभ्रेपलाञ्चोकको भुम्लु गाउँपालिका–८ का ८३ वर्षीया जयकुमारी तामाङ आफूले खेती गर्दै आएको जग्गाको लालपुर्जा हातमा प्राप्त हुँदा निकै खुसी छिन्। यसअघि रसिदको भरमा जग्गा भोगचलन गर्दै आएको अवस्थामा ५० वर्षपछि बल्ल जग्गाधनी प्रमाणपुर्जा पाउँदा धेरै खुसी लागेको उनले सुनाइन्।

पहिलोपटक जग्गाधनी प्रमाणपुर्जा हात पर्दा वडा नम्बर ८ का ८० वर्षीय कुलबहादुर श्रेष्ठको मुहारमा पनि हर्ष छाएको छ । विसं २०३२ मा भएको नापीका क्रममा तत्कालीन दुई गाउँपञ्चायतबीच सिमाना विवादका कारण नापजाँच रोकिएपछि उनी पुर्जा पाउनबाट वञ्चित थिए । त्यसको ५० वर्षपछि आफूलगायतले जग्गाधनी प्रमाणपुर्जा प्राप्त गरेको श्रेष्ठले बताए।

जग्गाको भोगलचन गर्दै आए पनि आवश्यक परेको बेलामा किनबेच, व्यापार–व्यवसाय र बैङ्किङ कारोबारका लागि कुनै पनि काममा प्रयोग गर्न नपाएर समस्या व्यहोर्दै आएकामा अब चाहेको काम गर्नका लागि बाटो खुलेको भन्दै उनी खुसी छन्।

वडा नं ७ फलाँटे पीपलटारका ८२ वर्षीय गोपिकृष्ण उप्रेतीले आफूले कमाई खाइपाइ गर्दै आएको भए पनि जग्गाधनीपुर्जा आफ्नो हातमा नहुँदा निकै निराश लाग्ने गरेकामा बल्ल पुर्जा हात परेपछि खुसी लागेको बताए । उनले भने, 'पुर्जा नपाउँदा कुनै कारोबार पनि गर्न पाइएन । काम गर्न सक्ने उमेर भएको बेला पुर्जा भएको भए भैँसीपालन गरेर धेरै आम्दानी गर्न सकिन्थ्यो, त्यो बेला पाइएन । ठिकै छ ढिलै भए पनि पुर्जा पाइयो खुसी छु।'

साबिक फलाँटे गाउँपञ्चायत हालको भुम्लु गाउँपालिका–७ फलाँटेका ७८ वर्षीय तोरणबहादुर क्षेत्रीले आफूले जस्तै अब बाँकी सबै नागरिकले पनि छिट्टै पुर्जा पाएको हेर्ने रहर सुनाए । उनका अनुसार तत्कालीन फलाँटे गाउँपञ्चायत र भुम्लुटार गाउँपञ्चायत गाभेर पीपलटार गाविस बनेको थियो । त्यही बेलामा (२०३२ सालमा) नापी शुरू हुँदा सीमाको विषयलाई लिएर दुई पक्षबीच भएको विवादका कारण लामो समयसम्म पुर्जा पाउन सकिएन। 'धेरै वर्षपछि जनप्रतिनिधिको सक्रियतामा पुर्जा पाउँदा निकै खुसी लागेको छ । अब बाँकी नागरिकले पनि चाँडै पुर्जा पाए गाउँभरि नै हर्ष हुन्थ्यो,' क्षेत्रीले भने।

भुम्लु गाउँपालिका–७ बाट १७६ र वडा नं ८ बाट २०३ जनाले पहिलोपटक जग्गाधनी प्रमाण पुर्जा प्राप्त गरेका छन् । वडा नं ८ का वडाअध्यक्ष मोतिलाल तामाङले विगतमा विभिन्न समयमा प्रयास भए पनि विविध कारणले अगाडि नबढेको काम ०८१ सालदेखि शुरू भई हालै सम्पन्न भएको बताए।

गाउँपालिका अध्यक्ष प्रेमबहादुर भुजेलले आफूहरूको निकै महेनतका कारण आधा शताब्दीपछि बल्ल भुम्लुका वडा नं ७ र ८ का नागरिकले जग्गाधनी प्रमाण पुर्जा पाएको बताए । 'विसं २०३२ देखि पुर्जाविहीन नागरिकलाई ५० वर्षपछि पुर्जा उपलब्ध गराउन सफल भएका छौँ,' उनले भने, 'यो दिन ल्याउनका लागि सबैको भूमिका उत्तिकै उल्लेखनीय रह्यो । सबैलाई धन्यावाद ।'

भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयका सचिव केदारनाथ शर्मा र नापी विभागका महानिर्देशक प्रकाश जोशीले तत्कालीन समयमा सीमा विवादका कारण रोकिएको काम सबैको साझा प्रयासबाट सफल भएको सुनाए । अब बाँकी नागरिकलाई पनि चाँडै पुर्जा वितरण गरिने उनरूको भनाइ छ।

हालसम्म भुम्लुबाट करिब एक हजार ५ सय भन्दा बढी आवेदन परेकामा करिब ४ सय जग्गाधनी प्रमाणपुर्जा बनिसकेको जनाइएको छ । यसका लागि नापी विभागबाट यहाँ नापी कार्यालय स्थापना गरी दुईवटा टोलीमार्फत भइरहेको छ । त्यसरी अगाडि बढेको कामले पूर्णता पाएसँगै मङ्गलबार नापी विभाग र भुम्लु गाउँपालिकाको संयुक्त आयोजनामा जग्गाधनी प्रमाणपुर्जा वितरण गरिएको हो।

भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारणमन्त्री बलराम अधिकारीबाट त्यहाँका पुर्जाविहीन नागरिकलाई जग्गाधनी प्रमाणपुर्जा वितरण गरिएको हो । अब बाँकी काम निरन्तर जारी रहेको गाउँपालिकाले जनाएको छ । रासस

# 'ताराहरूलाई रङ्गमञ्चमै सीमित राख्न मन लागेन'

**काठमाडौँ।** रङ्गमञ्चबाट कथा भनिरहनुभएका कलाकार आशान्त शर्माले अभिनयसँगै निर्देशन गरेको चलचित्र 'ताराहरू' को विशेष प्रदर्शन (प्रिमियर) गरिएको छ । बुधबार साँझ नयाँ बानेश्वरस्थित एक चलचित्र भवनमा गरिएको प्रदर्शनीमा चलचित्रकर्मी तथा कलाकर्मीको उपस्थिति रहेको थियो।

रङ्गमञ्चमा मञ्चन हुने नाटकमा निर्देशक र अभिनेतासँगै प्राविधिक पाटोसमेत सम्हालेका कलाकार शर्माले यसपटक एउटा नाटकलाई नै ठूलो पर्दामा ल्याउनुभएको बताए। रङ्गञ्चबाट भनिएको 'साथी, साथी आइदेऊ न' नाटकको कथालाई पुनः चलचित्रको माध्यममा ल्याउन विषयवस्तुले प्रभाव पारेको उनको भनाइ छ।

'नाटक मञ्चन गरेपछि यसलाई धेरै ठाउँमा देखाउन रङ्गकर्मीले सुझाव दिए । केहीले 'युट्युब'मा राख्नसमेत सुझाउनु भयो, तर नेपालभर नाटक लिएर यात्रा गर्न सम्भव थिएन । नाटकका कलाकार सबैको समय मिलिरहेको थिएन, युट्युबमा ल्याउँदा मलाई मर्म मर्छ भन्ने लाग्यो,' शर्माले भने, 'त्यसै कारण 'साथी, साथी आइदेऊ न' नाटकको कथा धेरैसम्म पुग्नुपर्छ भन्ने सोचका कारण नै मैले यसलाई चलचित्रको माध्यममा ल्याएँको हुँ।'



रङ्गमञ्च मै रमाउने कलाकार शर्मा यसपटक निर्देशकसँगै अभिनेता बन्नुभएको छ । पहिलोपटक चलचित्रमा मुख्य अभिनेता बन्नुको कारणका रूपमा उन पात्रप्रतिको न्यायलाई लिन्छन् । आफूले जीवन्त बनाएको पात्रलाई अन्यले के कसरी निर्वाह गर्ला भन्ने चिन्ताले नै निर्देशक र मुख्य अभिनेता बनाएको शर्माको भनाइ छ।

'मैले एउटा भूमिकामा मात्र आफूलाई प्रस्तुत गरेको भएँ, अहिलेको भन्दा राम्रो काम गर्न सक्थे भन्ने लाग्छ, तर त्यो कथालाई अन्य निर्देशकले कसरी प्रस्तुत गर्नुहोला भन्ने डरले आफैँ निर्देशक बनेको हुँ,' उनले भने, 'अन्य केही प्रसिद्ध कलाकारलाई पनि अभिनयगर्न दिउँ भन्ने लागेर केही संवाद पनि गरेको थिएँ, तर ती कलाकारको लोकप्रियताले मैले सिर्जना गरेको पात्र र कथाको मर्मलाई ओझेलमा पार्ने हो कि भन्ने डर लाग्यो । सोही कारण म आफैँ यसमा दोहोरो भूमिकामा आएँ ।' किशोर मनोविज्ञानलाई खोतलेर उनीहरूको मानसिक स्वास्थ्यको कथा देखाइएको चलचित्र 'ताराहरू' मा आत्महत्याको मार्गमा हिंडेकी एक किशोरीको भेट एक अर्धबैँसे पुरुषसँग हुन्छ । उनीहरू साथी बन्छन् । मृत्यु कल्पेर हिंडेकी किशोरीको आँखामा भरिने सपना र आशासँगै आउने खुसीलाई चलचित्रको विषय बनाइएको छ।

रङ्गमञ्चमा मात्र देखाई रहँदा कथाले न्याय नपाएको महसुस गर्नुभएका कलाकार शर्माले चलचित्र हेर्ने दर्शकले विभिन्न कोणबाट समीक्षा गर्नेमा विश्वस्त छन् । 'व्यावसायिक रूपमा हामीले यो चलचित्रको प्रचारप्रसार गर्नसकेका छैनौँ, तर चलचित्र हेर्ने दर्शकले यसलाई प्रचार गरेर हेर्न आग्रह गरिदिनुहुन्छ भन्ने मलाई लागेको छ । हामी रङ्गमञ्चका कलाकारले इमान्दार भएर सिर्जना गर्न सक्छौँ, तर हालको समयमा प्रतिस्पर्धा गर्न सक्दैनौँ। हाम्रो विषय र कथाले नै प्रतिस्पर्धा गर्नेछ,' उनले भने।

मध्यमवर्गीय परिवारमा जन्मेको पुरुषले सपना र चाहना पूरा गर्न कति सङ्घर्ष गर्छ ? समाजले उसबारे के सोच्छ ? अनि उसले समाजबारे के सोच्छ ? भन्ने प्रश्नको जवाफ खोज्दै कथा बुनिएको कलाकार शर्माले बताए । चलचित्रमा कुन्दन शाक्य, मीरा खड्का, प्रभाकर न्यौपाने, आभाष अधिकारी, राज पङ्गेनी शर्मा, प्रमोद बाबु, विकास खनाललगायतका कलाकारले अभिनय गर्नुभएको छ। रासस

# बैतडीमा सात जनामा सङ्क्रमण पुष्टि

**बैतडी।** जिल्लामा डेङ्गीको जोखिम बढ्दै गएको छ । स्वास्थ्य कार्यालयका प्रयोगशाला प्राविधिक जयसिंह बडालका अनुसार हालसम्म सात जनामा सङ्क्रमण पुष्टि भइसकेको छ। दशरथचन्द नगरपालिकामा तीन, पुचौडी नगरपालिकामा दुई, मेलौली नगरपालिका र पाटन नगरपालिकामा एकएक जना सङ्क्रमित भेटिएपछि 'लार्भा खोज र नष्ट गर' अभियान सञ्चालन गरिएको छ।

वर्षायाममा लामखुट्टे बढी सक्रिय हुने भएकाले रोगको रोकथाम तथा नियन्त्रणका लागि स्वास्थ्य कार्यालयले जिल्ला सदरमुकाम र पाटन बजारमा अभियान सञ्चालन गरेको स्वास्थ्य कार्यालयका सूचना अधिकारी विपिन लेखकले बताए । अभियानमा स्वास्थ्यकर्मी, सुरक्षाकर्मी, जनप्रतिनिधि, नागरिक समाज तथा स्थानीय सहभागी थिए । अभियान बुधबार सञ्चालन गरिएको हो।

यसैबीच, यहाँका स्थानीय तहहरुले पनि डेङ्गी रोकथाम तथा नियन्त्रणका लागि 'लार्भा खोज र नष्ट गर' अभियान सञ्चालन गरेका छन् । दोगडाकेदार गाउँपालिकाले हरेक शुक्रबार सरसफाइ अभियान सञ्चालन गर्दै आएको छ। तीन महिनासम्म सञ्चालन हुने अभियानमा सहभागी हुन पालिकाभित्रका सम्पूर्ण विद्यालय, स्वास्थ्यचौकीलगायत सरकारी कार्यालयहरुलाई अनुरोध गरिएको दोगडाकेदार गाउँपालिकाका सूचना अधिकारी प्रयागराज पन्तले जानकारी दिए। रासस

# पाँचवर्षमा पनि सञ्चालन भएनन् आधारभूत अस्पताल



**पर्वत।** एक पालिका एक अस्पताल अभियानअन्तर्गत विगत पाँच वर्ष अघिदेखि जिल्लाका विभिन्न स्थानीय तहमा निर्माण थालिएका कुनैपनि आधारभूत अस्पताल हालसम्म सञ्चालनमा आउन सकेका छैनन्।

ग्रामीण नागरिकलाई सर्वसुलभ स्वास्थ्य सुविधा उपलब्ध गराउने उद्देश्यले निर्माण थालिएका ती अस्पताल सञ्चालनमा ल्याउन नसकिएको हो । जिल्लाका सात स्थानीय तहमध्ये कुश्मा र जलजला गाउँपालिकामा भवन निर्माण सम्पन्न भए पनि सञ्चालन हुन सकेको छैन । अन्य स्थानीय तहमा अस्पताल निर्माण सम्पन्न भएको छैन।

मोदी गाउँपालिका–५ स्थित बाजुङ पोखरेमा १५ शय्याको आधारभूत अस्पताल शिलान्यास गरिएको पाँच वर्ष बित्दासमेत जग्गा प्राप्तिको प्रक्रिया पूरा हुन सकेको छैन। वडा नं ५ का वडाध्यक्ष मानबहादुर अधिकारीले जनताको माग अनुसार गाउँपालिका आफैँले गतवर्ष भवन भाडामा लिई आधारभूत अस्पताल सञ्चालन गर्ने योजना बनाएको बताए।

कुश्मा नगरपालिका–१२ ठूली पोखरीमा करिब पाँच करोड रुपैयाँमा १० शय्याको आधारभूत अस्पताल भवन गतवर्ष निर्माण भए पनि स्रोतसाधनको अभावमा सञ्चालन गर्न नसकिएको वडाका वडाअध्यक्ष झलक रिमालको गुनासो छ । जलजला गाउँपालिकाका सूचना अधिकारी भेषराज आचार्यका अनुसार वडा नं ३ मल्लाजमा करिब १० करोड रुपैयाँमा निर्माणाधीन आधारभूत अस्पतालको भवन निर्माण सम्पन्न भए पनि सञ्चालन गर्न सकिएको छैन । त्यसैगरी फलेवास नगरपालिका– ६ देविस्थानमा अस्पताल निर्माणका लागि पाँच रोपनी बढी जग्गा व्यवस्था गरिएको थियो । स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट एक करोड ७० लाख रुपैयाँ प्राप्त भई भवन निर्माण थाले पनि सम्पन्न भएको छैन । महाशिला गाउँपालिका–५ लुंखुदेउरालीमा १५ शय्या बराबरको आधारभूत अस्पताल भवन निर्माण गर्न भनी ठेकेदारसँग १३ करोड ४१ लाख रुपैयाँमा बोलपत्र भई विसं २०७८ मा सम्झौता भएको थियो । गाउँपालिकाका सूचना अधिकारी नरबहादुर बरालका अनुसार भवन निर्माण करिब २० प्रतिशत मात्र भएको छ।

पैयँ गाउँपालिका–४ हुवासमा १० करोड रुपैयाँमा निर्माणाधीन १० शय्याको आधारभूत अस्पताल पटक पटक म्याद थप गर्दा पनि निर्माण सम्पन्न हुनसकेको छैन । त्यसैगरी विहादी गाउँपालकामा आधारभूत अस्पताल निर्माण हुन नसकेको प्रशासकीय अधिकृत यमनबहादुर रेग्मीले जानकारी दिए । सङ्घीय सरकारको सहयोगमा यसअघि वडा नं २ बर्राचौरमा निर्माण थालिएको १० शय्याको बिहादी अस्पताल सात वर्षदेखि अलपत्र छ। रासस

# घुँगीफोर गरुडको प्रजनन केन्द्र बाटुलीपोखरी



**नारायणगढ।** भरतपुर महानगरपालिका–१३ स्थित बाटुलीपोखरी जलचर घुँगीफोर गरुड (एसियन ओपनविल)का लागि प्रजनन केन्द्रको रूपमा विकसित भएको छ । यहाँ घुँगीफोरले सयौँ चल्ला कोरलेका छन्।

बाटुलीपोखरी मध्यवर्ती सामुदायिक वन उपभोक्ता समूहको व्यवस्थापनमा रहेको यो पोखरी वरपरका १ सय ४ वटा रुखमा घुँगीफोरले ४ सय ७८ वटा गुँड बनाएका समूहका अध्यक्ष कृष्णहरि प्रसाईँले बताए । एउटै रुखमा १० वटासम्म गुँड छन्।

'घुँगीफोरले सुक्खा रुखहरूमा गुँड बनाउने गर्छन्भने घुँगी तथा साना जलचर खाने गर्छन् । अध्यक्ष प्रसाईँले भने, 'हामीले अवलोकन गर्दा १०४ वटा रुखमध्ये केबल तीन वटामा मात्र हरियो रुखमा गुँड देखिएको छ, बाँकी सबै सुक्खा रुखमा छन् ।' प्रजनन याममा घुँगीफोरहरूको गतिविधि हेर्न पन्छी अवलोकनकर्ता र संरक्षणकर्मीहरू उत्साहका साथ आउने गरेका छन्। उनले थपे, 'प्रजनन अवधिमा पोखरी क्षेत्रमा डुङ्गाजस्ता पर्यटकीय गतिविधिहरू बन्द गरिएको छ, गुँडहरूमा असर नहोस् भनेर।'

यस क्षेत्र पहिले 'ठूलो घोल'को नामले चिनिन्थ्यो, जहाँको पानी राप्ती नदीमा मिसिन्थ्यो । तर विसं २०६५ मा गङ्गानगर सिँचाइ आयोजना र सामुदायिक वन उपभोक्ता समूहको सहकार्यमा ड्याम निर्माण गरी पोखरीमा रूपान्तरण गरिएको हो। अहिले यो क्षेत्र केवल सिँचाइका लागि मात्र नभई जैविक विविधताका लागि पनि महत्त्वपूर्ण बनेको छ।

अध्यक्ष प्रसाईँका अनुसार, पहिले यहाँ जाडोयाममा साइबेरियन चरा देखिन्थे, तर अहिलेका वर्षहरूमा स्थायी रूपमा बसोबास गर्ने रैथाने पन्छीहरू देखा पर्न थालेका छन्।

उनले भने, 'सात वर्षयता घुँगीफोर यहाँ आउन थालेका हुन् ।' घुँगीफोरले चैत–वैशाख महिनादेखि गुँड बनाउन शुरू गर्छन्, जेठमा फुल पार्छन् र भदौमा चल्ला कोरल्छन्। ठूला झुन्डमा रहने यिनले सामूहिक रूपमा गुँड बनाउने बानीले गर्दा अन्य चराहरूलाई आफ्नो उपस्थिति सहजै थाहा नहुने अध्यक्ष प्रसाईँले बताए।

पहिले घुँगीफोरले बीसहजारी तालमा गुँड बनाउने गरेका तर त्यहाँका रुख कुहिएपछि नयाँ वासस्थानका रूपमा बाटुलीपोखरीमा बस्न थालेका जानकारी दिँदै उनले भने, 'घुँगीफोरले केवल सुक्खा रुखमा मात्र गुँड बनाउने भएकाले त्यस्ता रुख संरक्षण गर्नुपर्छ।' रासस

# वडा अध्यक्ष यादवमाथि कमिसन लिएको आरोप

**राकेश यादव**
**रौतहट ।**




रौतहट जिल्लाको यमुनानामाई गाउपालिका वडा नम्बर–२ का वडा अध्यक्षमाथि झुलुङ्गे पुल र सडक ढलानको कार्यमा कमिशन लिएको आरोप लागेको छ । यमुनामाई गाउँपालिकामा अनियमित्ता भएको भन्दै बुधवारदेखि गाउँपालिका कार्यालय अगाडी भोक हड्तालमा बसेका वडा अध्यक्षमाथि यस्तो आरोप लगाइएको हो ।

हेलभेटास र गाउँपालिकाको आर्थिक सहयोगमा बाटो नै नभएको कामदेइ खोला निर्माण गरिएको झुलुङ्गे पुलमा वडा अध्यक्ष यादवले ३ लाख ३० हजार रुपैयाँ बलपूर्वक कमिशन लिएको उपभोक्ता समितिका अध्यक्ष मंगल राय यादवले दावी गरेका छन् । कमिशनको रकम फिर्ता गर भन्दै गाउँपालिका अगाडि धर्नामा बसेका यादवले सञ्चारकर्मीहरूसंग कुरा गर्दै पुल निर्माणमा घरमा बोलाएर चेकमार्फत रकम लिएको खुलासा गरे । वडा अध्यक्ष यादवले उमेश यादवको नाउँमा चेक लिएको ठोकुवा गरे ।

पुल निर्माणमा ३३ लाख ८० हजार रकम निकासा भएकोमा पछि बेरुजु ११ लाख ठहर गरिएकोले लिएको रकम फिर्ता गर्न माग गरेको उनले बताए । उपभोक्ता समितिका अध्यक्षले भने रकम अपुग हुँदा ऋण लिएर मजदुरहरुको भुक्तानी गरेको सुनाए । प्रदेश सरकारको २५ लाख रुपैयाँको लगानीमा स्थानीय वडा नम्बर–२ नंहक मंसुरीको घरदेखि मदर्सासम्म भएको सडक ढलानमा २ लाख ५० हजार रकम लिएको सडक ढलान उपभोक्ता समितिका अध्यक्ष चन्देश्वर बैठाको आरोप छ । घरमा बोलाएर बलपूर्वक वडा अध्यक्ष यादवले काकाको छोरा दिपेन्द्र यादवको नाउँमा २ लाख ५० हजारको चेक लिएको दावी गर्दै रकम दिएको चेकको अर्धकटी आफुसंग सुरक्षित नै रहेको बताए ।

स्थानीय निर्वाचनमा मतपेटिक लिएर भागेको चर्चित भएका बैठाले निर्वाचनमा ज्यानको बाजी लगाएर सहयोग गर्दा पनि वडा अध्यक्षले पहिचान नगरेको गुनासो गरे । उनले दिएको रकम पटक पटक माग्दा पनि नदिएको कारण बाध्य भएर आन्दोलनमा उत्रिनु परेको सुनाए ।

स्थानीयका अनुसार आफ्नो जिम्मामा लिएका एम्बुलेन्सको रकम समेत वडा अध्यक्ष यादवले अनियमित्ता गरेको बताएका छन् । जिम्मामा लिएर संचालन गर्दै आएका एम्बुलेन्सको आम्दानी अहिलेसम्म सार्वजनिक नगरेको भनाइ स्थानीयहरुको रहेको छ ।

गाउँपालिकासंग सूचनाको हक प्रयोग गरि विगतको निर्णय, हिसाब किताब, संचालन भएको योजना, कर्मचारीको विवरण माग गर्दै आएकोमा नदिएको कारण आन्दोलनमा बसेको कारण षडयन्त्रपूर्वक आफ्नो चरित्र हत्या गर्ने प्रयास प्रतिपक्षीहरुले गर्न लागेको वडा अध्यक्ष सिताराम यादवले बताए । झुलुङ्गे पुल निर्माण र सडक ढलानको कार्यमा एक रुपैयाँ पनि अनुचित लाभ नलिएको उनले दाबी गरेका छन् । वडा अध्यक्ष यादव र केहि कार्यपालिका सदस्यहरुले १३ बुँदे माग राख्दै बुधवारदेखि नै कार्यालय अगाडि धर्नामा बसेका छन् । निर्वाचित जनप्रतिनिधि धर्नामा बसेपछि शनिवार हुने गाउँसभामा विवाद सृजना हुन सकिने सम्भावना बढेको छ । विरोधका बाबजुद गाउँसभा गरिने गाउँपालिकाका प्रवक्ता वडा अध्यक्ष नन्दलाल यादवले बताएका छन् ।

# डिएपी मल वितरण सहज



**मधेशदृष्टि**
**सिरहा ।**

कृषि सामग्री कम्पनी लिमिटेड लहानले मल वितरण प्रक्रियामा पारदर्शिता अपनाएपछि किसानले सहजै डिएपी मल पाउन थालेका छन् । तेस्रो पटक मल वितरण गर्दा सहकारीमार्फत वितरण हुने मलको कोटा र तालिका सार्वजनिक गरिएपछि किसानमा भरोसा बढेको हो ।

सिरहाका १७ वटै पालिकामा रहेका ११५ वटा कृषि सहकारीलाई दोस्रो पटक पुगेको डिएपी मल आएको १० दिन नपुग्दै साउनको अन्तिम साता २३ हजार ४६५ बोरा मल वितरण गरिएको कम्पनीका शाखा प्रमुख दिपराज पौडेलले जानकारी दिए । यस वर्ष जिल्लामा ८८.१७ प्रतिशत धान रोपाइँ भएको छ । अहिले गोडमेलको समयमा युरिया मलको आवश्यकता बढ्ने भएकाले त्यसको आपूर्तिका लागि गृहकार्य भइरहेको पौडेलले बताए । लहान नगरपालिकामा ७ हजार १५६ हेक्टर धान खेतका लागि २ हजार ५०० बोरा, धनगडीमाइ नगरपालिकामा ५ हजार ३४२ हेक्टरमा १ हजार ९४० बोरा, गोलबजारमा ५ हजार १६३ हेक्टरमा १ हजार ८८५ बोरा, कल्याणपुरमा ५ हजार ९१४ हेक्टरमा १ हजार ८२० बोरा, सिरहा नगरपालिकामा ७ हजार ५६१ हेक्टरमा २ हजार ६४० बोरा, सुखीपुरमा ४ हजार ४४९ हेक्टरमा १ हजार ६५० बोरा, मिर्चैयामा ४ हजार ४२३ हेक्टरमा १ हजार ६२० बोरा, कर्जन्हामा २ हजार ५९३ हेक्टरमा ९८५ बोरा, लक्ष्मीपुर पतारीमा ३ हजार ००१ हेक्टरमा १ हजार १२० बोरा, अर्नमा गाउँपालिकामा २ हजार ५९५ हेक्टरमा ९९० बोरा, सखुवानन्कारकटिमा २ हजार ३३२ हेक्टरमा ८८५ बोरा, भगवानपुरमा २ हजार २०६ हेक्टरमा ८५० बोरा, नवराजपुरमा २ हजार ४२३ हेक्टरमा ९२० बोरा, बरियारपटिमा ३ हजार २४९ हेक्टरमा १ हजार ०२० बोरा, नरहामा १ हजार ९१७ हेक्टरमा ७५० बोरा र विष्णुपुरमा १ हजार ७७८ हेक्टरमा ६९० बोरा डिएपी मल वितरण भएको कम्पनीले जनाएको छ । गत वर्ष र यसै वर्षको शुरुवातमा पहुँचवाला तथा राजनीतिक प्रभावशाली व्यक्तिहरूले बढी मल पाएको र सर्वसाधारण किसान वञ्चित भएको गुनासो किसानबाट आएको थियो । त्यसपछि लहान, सिरहा नगरपालिका र भगवानपुर गाउँपालिकामा सहकारीमार्फत मल वितरणको अनुगमन गरिएको थियो । अनुगमनपछि किसानले सहज पाउने गरी मल वितरण प्रक्रिया परिवर्तन गरिएको शाखा प्रमुख पौडेलले बताए । 'अबदेखि पालिका प्रमुख र अनुगमनकारी निकायलाई समेत समन्वय गरेर मल वितरण नीतिमा पारदर्शिता ल्याएका छौं,' उनले भने । सिरहा नगरपालिकामा तेस्रो पटक आएको मल वितरण तालिका सार्वजनिक गर्दै किसानलाई आवश्यक परे नगरपालिकामा सम्पर्क गर्न समेत आग्रह गरिएको नगरप्रमुख नविन कुमार यादवले बताए । कृषकले डिएपी नपाएपछि भारतीय बजारबाट महँगो मूल्यमा मल ल्याएर प्रयोग गर्न थालेको गुनासो बढेपछि प्रशासनले पनि मल आपूर्तिलाई प्राथमिकतामा राखेको छ । इलाका प्रशासन कार्यालय लहानका शाखा अधिकृत सन्तोष रायका अनुसार, अनुगमनलाई कडाइ गरेपछि यसपटक वितरण अपेक्षाकृत सहज बनेको छ ।

# लालपुर्जा माग्दै चौथो चरणको आन्दोलन घोषणा

**मनोज माझी**
**सप्तरी ।**



लालपूर्जा पाउनु पर्ने प्रमुख माग राख्दै चरणबद्धरुपमा आन्दोलन गर्दै आएका राजविराज नगरवासी पीडित संघर्ष समितिले चौथो चरणको आन्दोलन कार्यक्रम घोषणा गरेको छ । बिहीवार राजविराजस्थित गजेन्द्र चौकमा पत्रकार सम्मेलनको आयोजना गरी संघर्ष समितिका संयोजक इरसाद अन्सारीले माग पुरा गराउन थप दबाव दिने उद्देश्यले चौथो चरणको आन्दोलन कार्यक्रम घोषणा गरिएको जानकारी दिएका छन् । घोषित आन्दोलनका कार्यक्रम अनुसार भदौ ७ गते शनिवार लाठी जुलुश र खबरदारी सभा, भदौ ९ गते सोमवार सिट्टी जुलुश, भदौ ११ गते बुधवार राजविराज नगरपालिका कार्यालयमा २ घण्टा धर्ना, भदौ १४ गते शनिवार मशाल जुलुश र भदौ १५ गते आइतवार राजविराज बजार बन्द तथा राजविराज नगरपालिका कार्यालयमा तालाबन्दी गर्ने कार्यक्रम सार्वजनिक गरिएको छ । यसअघि प्रथम, दोस्रो र तेस्रो चरणको आन्दोलनका क्रममा स्थानीय प्रशासन, सुरक्षा निकायका प्रमुख र सरोकारवाला निकायका प्रमुखको उपस्थितीमा गत फागुन १८ गते भएको सहमति कार्यान्वयनमा ढिलाई भएको भन्दै नगरवासीको तर्फबाट गठित संर्घष समितिले चौथो चरणको आन्दोलन कार्यक्रम घोषणा गरेको संघर्ष समितिका संयोजक अन्सारीको भनाइ छ । पत्रकार सम्मेलनमा पुर्वमन्त्री एवम् राजविराज नगरपालिकाका पुर्वमेयर अनिस अन्सारीले राणा सरकारको पालामा नगरवासीसंग पैसा लिएर बसाइएको शहर राजविराजमा पञ्चायती व्यवस्थामा समेत नगरवासीले सहजतापुर्वक उपभोग र कारोवार गर्न पाएको सुविधा अहिले खोसिदा गणतन्त्रकै उपहास भएको बताए । यस क्षेत्रबाट निर्वाचित जनप्रतिनिधि समेतले ब्लक र विटौरी जग्गाका लालपुर्जा उपलब्ध गराउन चासो नदेखाएको आरोपका साथ उनले त्यस्ता जनप्रतिनिधीलाई जनस्तरबाटै बहिष्कार गर्नु पर्नेमा जोड दिए । राजविराज नगरपालिकाका पुर्वमेयर जगरनाथ दासले कोशी नदीको कटानबाट विस्थापित भएकाहरुलाई राजविराजमा ल्याएर पैसा लिएर बसोवासको व्यवस्था मिलाइएको भएपनि अहिलेसम्म जग्गाको लालपुर्जा नदिनुको पछाडि नगरपालिकाकै जिम्मेवार जनप्रतिनिधिको कमजोरी रहेको जिकिर गरे । आन्दोलन परिचालन उपसमितिका संयोजक एवम् वार्ता टोलीका सदस्य दिपेन्द्र चौधरीले जनता सित पैसा लिएर पनि जग्गाको लालपुर्जा नदिनु जनताप्रतिकै बेइमानी भएको भन्दै आक्रोश व्यक्त गरे । पत्रकार सम्मेलनमा प्रदेश सांसद अनिरुद्ध प्रसाद सिंह यादव, जिल्ला समन्वय समिति सप्तरीका प्रमुख शिवनारायण साह, जसपा सप्तरीका अध्यक्ष सत्यनारायण यादव, जनमत पार्टीका नगर अध्यक्ष प्रकाश चौधरी लगायतले पनि बोल्दै संघर्ष समितिले उठाएका मागप्रति एक्यवद्धता व्यक्त गर्दै संघर्ष समितिले घोषणा गरेको आन्दोलन कार्यक्रम सफल बनाउन आ–आफ्नो स्तरबाट सहयोग गर्ने प्रतिबद्धता जनाएका थिए ।

वि.स. २०१६ सालमै नगरपालिका घोषणा भएर नगरको मुख्य सडक मेनरोड तथा भित्रि सडकको दायाँ बाँया रहेका ५ हजार २ सय परिवार वर्षौंदेखी लालपूर्जा पाउन सकेका छैनन् । मालपोत कार्यालयबाट विगत ८ वर्षदेखी रोक्का प्रक्रिया तथा राजविराज नगरपालिका कार्यालयबाट नक्शापास लगायतका कार्य बन्द भएपछि स्थानीय समस्यामा परेको संघर्ष समितिले जनाएको छ । संघर्ष समितिले नगरका विटौरी र ब्लक जग्गामा पुस्तौदेखी बसोवास गर्दै आएका ५ हजार भन्दा बढी परिवारलाई लालपूर्जा प्रदान गरिनु पर्ने, राजविराज बसर्पाकको संचालन, सीमानाका क्षेत्रमा विषादी परिक्षणका लागि क्वारेन्टाईनको व्यवस्था, लामो समयदेखी बन्द रहेको छोटी भन्सार कार्यालयहरुको संचालन, लामखुट्टे नियन्त्रणका लागि औषधी छर्कने व्यवस्था, हटियामा निर्माणाधिन कप्लेक्सको अविलम्ब निर्माण कार्य सकाएर व्यापारीलाई हस्तान्तरण लगायतका ८ बुंदे माग अघि सारेका छन् । झण्डै ६५ वर्षदेखी संघर्षरत बिटौरी र ब्लक जग्गामा बसोवास गर्दै आएका राजविराज नगरपालिकाका ५ हजार भन्दा बढी परिवार अझै लालपूर्जा पाउने आस लगाइरहेका छन् ।

# मधेश प्रदेश सभाको छैठौं अधिवेशन आह्वान

**मधेशदृष्टि**
**जनकपुरधाम ।**



मधेश प्रदेश प्रमुखले प्रदेश सभाको छैठौं अधिवेशन आउँदो भदौ १२ गतेका लागि आह्वान गरेकी छन् । प्रदेश प्रमुखको कार्यालयले सार्वजनिक गरेको विज्ञप्ति अनुसार भदौ ४ गते बसेको मन्त्रिपरिषद्को बैठकले अधिवेशन बोलाउन सिफारिस गरेपछि संविधानको धारा १८३ को उपधारा (१) बमोजिम प्रदेश सभाको अधिवेशन आह्वान गरिएको हो । मधेश प्रदेश सभाको छैठौं अधिवेशन भदौ १२ गते विहीबार दिउँसो १ बजे शुरु हुनेछ ।

अधिवेशनमा चालु आर्थिक वर्षको बजेट कार्यान्वयन, विभिन्न विधेयक, नीतिगत निर्णय तथा प्रदेश सरकारको गतिविधिसम्बन्धी छलफल हुनेछ । प्रदेश प्रमुखको कार्यालयले जारी गरेको विज्ञप्तिमा अधिवेशनका लागि तयारी पूरा गर्न प्रदेश सभासचिवालयलाई समेत अनुरोधगरिएकोछ ।




मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्कः वीरगंज महानगरपालिका–१३, पर्सा, मोबाइल नं.–९८५५०२१२८१, कार्यालयः जनकपुरधाम–२, भानुचोक, किशोरी नगर, फोन नं.–०४१–५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्षः ध्रुव साह, सम्पादकः रामकुमार एलन